सहयोगको भावना वृद्धि गर्नुपर्नेमा अध्यक्ष दाहालको जोड | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ • अंक १८५ • २०८१ साल मंसिर १६ गते आइतबार (1 December, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।–


## मधेशको सात स्थानमा आज उपनिर्वाचन

**टुडे समाचारदाता**

जनकपुरधाम । स्थानीय तहको उपनिर्वाचन अन्तर्गत मधेश प्रदेशको सप्तरी, धनुषा, महोत्तरी, रौतहटको सात स्थानमा निर्वाचन आइतबार निर्वाचन हुँदैछ । यसको सम्पूर्ण तयारी पूरा भइसकेको मधेश प्रदेश निर्वाचनको कार्यालयले जनाएको छ।




सप्तरीको डाक्नेश्वरी नगर पालिका वडा नम्बर १ मा २०७९ को स्थानीय तहको निर्वाचनमा कांग्रेसका प्रीतमलाल चौधरी निर्वाचित भएका थिए। तर उनको निधनपछि उपनिर्वाचन हुँदैछ।

त्यस्तै सोही नगरपालिकाको वडा नम्बर ४ का अध्यक्षको निधनपछि उपनिर्वाचन हुँदैछ । गत निर्वाचनमा कांग्रेसका हरि प्रसाद रायले ३३३ मत प्राप्त गरी निर्वाचित भएका थिए।

धनुषाको धनुषाधाम नगर पालिका १ को वडाअध्यक्ष विश्वनाथ यादवको निधनपछि सो पदमा पनि उपनिर्वाचन हुन लागेको छ। कांग्रेसका यादव गत निर्वाचनमा ६१८ मत प्राप्त गरी निर्वाचित भएका थिए।

त्यस्तै उपनिर्वाचन हुन लागेको महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नम्बर २ मा गत चुनावमा नेकपा माओवादी केन्द्रका मुकेश कुमार यादव ४३३ मत प्राप्त गरी निर्वाचित भएका थिए।

त्यसैगरि रौतहटको ईशनाथ नगरपालिका वडा नम्बर ७ मा एमालेका वडाअध्यक्ष शेख खलीउल्लाह ६८३ मत प्राप्त गरी निर्वाचित भएका थिए।

त्यस्तै रौतहटको राजपुर नगरपालिका वडा नम्बर ६ मा कांग्रेसका शेख मोजरे आलम ५३४ मत प्राप्त गरी निर्वाचित भएका थिए।

त्यस्तै गढीमाई नगरपालिका वडा नम्बर ८ पनि वडाअध्यक्षको निधनपछि उपनिर्वाचन हुँदैछ। गत निर्वाचनमा सो वडामा जसपा नेपालका रामाज्ञा राय यादव ७६४ मत प्राप्त गरी निर्वाचित भएका थिए।

मधेश प्रदेशको सात स्थानमा भइरहेको उपनिर्वाचनमा १०३ जना उम्मेदवार छन् ।

# एनपीएलको उद्घाटन खेलमा जनकपुरको सहज जित

## विराटनगर किँग्स ८ विकेटले पराजित, दर्शकको भारी भीड

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल प्रिमियर लिग(एनपीएल)को उद्घाटन खेलमा जनकपुर बोल्ट्सले विराटनगर किँग्समाथि ८ विकेटले जित हात पारेको छ।

जनकपुर बोल्ट्सले जितका लागि आवश्यक १ सय २८ रनको लक्ष्यलाई १५ ओभर तीन बलमै पूरा गरे। जितसम्म पुग्न जनकपुर बोल्ट्सका २ जना खेलाडी मात्र आउट भएका थिए।

लाहिरु मिलान्थाको शानदार अर्धशतकमा जनकपुर बोल्ट्सले एनपीएलको पहिलो खेलमा विराटनगर किंग्सलाई ८ विकेटले हराउँदै विजयी सुरुवात गरेको छ। टस जितेर फिल्डिंग रोजेको जनकपुरले विराटनगर किंग्सलाई १९ ओभरमै अलआउट गर्दै १ सय २७ रनमा रोकेको थियो।

मिलान्थाले अविजित अर्धशतक बनाए। १ सय २७ रन बनाएको जनकपुर बोल्ट्सले १५ ओभरको तेस्रो बलमा शानदार चौका प्रहार गरेर १ सय ३१ रन बनाए। मिलान्थाले ५३ बल खेल्दै ९ चौका र ३ छक्काको मद्दतमा अविजित ७५ रन बनाए। थाकरले ३३ बलमा २ चौका प्रहार गर्दै अविजित २९ रन बनाएर उनलाई साथ दिएका थिए। स्कोर टाई भएको अवस्थामा उनले विजयी चौका प्रहार गरेका थिए।



विराटनगरका क्रिस सोलले वाइड फालेपछि जनकपुरले पहिलो ओभरमै ११ रन जोडेको थियो। तर, सोलले आसिफ शेखलाई शून्यमा नै बोल्ड गर्दै विराटनगरलाई विकेट दिलाएका थिए।

कप्तान अनिल शाह पनि पिचमा धेरै बेर टिक्न सकेनन्। ५ रनमा कप्तान साह आउट हुँदा जनकपुरको स्कोर १५ रनमा २ विकेट थियो। प्रतिश जिसीले कप्तान अनिललाई बोल्ड गरेका थिए। तर, त्यसपछि मिलान्था र हर्ष थाकरले मिलेर जितको लक्ष्य सम्म सहजै पुगे। यो जोडीले तेस्रो विकेटका लागि शतकीय साझेदारी गरे।

विराटनगर किंग्सका क्रिस सोल र प्रतिश जिसीले १/१ विकेट लिएका थिए।

विराटनगरका लागि मार्टिन गप्टिलले अर्धशतक प्रहार गरे पनि अन्य खेलाडीले गतिलो साथ दिन सकेनन्।

पहिलो पटक नेपालमा आएर फ्रेन्चाइज लिग खेलेका गप्टिलले ४३ बलमा ७ चौका र १ छक्का प्रहार गरे। एनपीएलमा पहिलो अर्धशतक प्रहार गर्ने उनी पहिलो खेलाडी बने। उनले नै एनपीएलको पहिलो छक्का पनि प्रहार गरे।

एनपीएलको पहिलो चौका पनि विराटनगरका लोकेश बमले प्रहार गरे। उनलाई आउट गर्दै जनकपुरका ललित राजवंशी एनपीएलको पहिलो विकेट लिने खेलाडी बनेका हुन्।

६ रनमै लोकेश बमलाई पहिलो विकेटको रुपमा गुमाएको विराटनगरका लागि गप्टिल र आकिब इल्यासले ४७ रनको महत्वपूर्ण साझेदारी गरे। तर, इल्यास पनि धेरै बेर टिक्न सकेनन्। उनी १५ रन बनाएर आउट भए।


त्यसपछि आएका ब्याटरले गप्टिललाई राम्रो साथ दिन सकेनन्। निकोलस किर्टोन ९, बसिर अहमद ७,र ाजेश पुलामी मगर १, प्रतिश जिसी २, कप्तान सन्दीप लामिछाने ७, क्रिस सोल ४ रन मात्र बनाउन सके। जितेन्द्र मुखिया खाता नखोली आउट भए।

जनकपुरका लागि नेपाली स्पीनर ललित राजवंशीले उत्कृष्ट बलिङ गरे। उनले ४ ओभरमा २८ रन खर्चेर सर्वाधिक ३ विकेट लिए। जनकपुर बोल्टसलाई जित सहज बनाउन ललितको सटिक बलिंगले महत्वपूर्ण योगदान दिए। मध्य लक्ष्यमा विराटनगर किंग्सलाई रोक्न ललितको वलिंग महत्वपूर्ण थियो। ठाकेर र किशोर महतोले २-२ तथा मोहसिन र माइकले १-१ विकेट लिए। ठाकेरले ४ ओभरमा २२ र किशोरले ३ ओभरमा १८ रन दिएका थिए। यस्तै क्यानडियन अलराउण्डर हर्ष थाकेरले ४ ओभरमा २२ रन खर्चेर २ विकेट लिए।

जनकपुर बोल्ट्सका खेलाडीहरु आत्मविश्वासले पूर्ण थिए। विराटनगर किंग्सका खेलाडीहरु लयमा देखिएनन्। ब्याटिंग र वलिंग दुवै कमजोर थियो।







# इन्धनको मूल्य बढ्यो

टुडे समाचारदाता

जनकपुरधाम। नेपाल आयल निगमले इन्धनको मूल्य बढाएको छ। निगम सञ्चालक समितिको शनिबार बसेको बैठकले इन्डियन आयल कर्पोरेशनबाट प्राप्त नयाँ खरिद मूल्यअनुसार नेपालमा पनि पेट्रोलको मूल्य लिटरमा १ रुपैयाँ बढाउने निर्णय गरेको छ।

त्यस्तै हवाई इन्धन आन्तरिकतर्फ लिटरमा २ र अन्तर ाष्ट्रियतर्फ काठमाण्डुका लागि प्रतिकिलोलिटर अमेरिकी डलर



१५ का दरले बढाइएको छ।

हवाई इन्धन पोखरा र भैरहवाका लागि लागत मूल्यमै बिक्री गर्ने निगमले शनिबार साँझ जारी विज्ञप्तिमा उल्लेख गरिएको छ।

खाना पकाउने ग्यासको मूल्य बढेर आए पनि साविककको मूल्य नै कायम राखिएको निगमले जनाएको छ। नयाँ मूल्य शनिबार राति १२ बजेदेखि लागू हुनेछ।

# पशुपति क्षेत्रमा शतबीज छरियो

काठमाण्डु। पशुपति क्षेत्रमा दिवङ्गत पितृका नाममा शतबीज छरिएको छ। प्रत्येक दिन मार्ग शीर्ष कृष्ण चतुर्दशीका दिनमा पशुपति क्षेत्रका १४ स्थानमा शतबीज छरिएको हो।

पशुपतिनाथको मूल मन्दिर, वाग्मती, भष्मेश्वर महादेव, आर्यघाट, रुद्रगाडेश्वर, भागलभुगल महादेव, किरातेश्वर, गौरीघाट, गुह्येश्वरी, नमोबुद्ध, बहिरो गणेश, विश्वरुप, मृगस्थली हुँदै भागलभुगल महादेव नजिकैका क्षेत्रमा आज बिहानैदेखि दिवङ्गत पितृका नाममा शतबीज छर्ने भक्तजनको घुइँचो लागेको थियो। शुक्रबार बेलुकीदेखि पशुपति क्षेत्रमा महादीपदान गरी बसेका भक्तजनले आज बिहानैदेखि शतबीज छर्ने र समापन गरिने पशुपति क्षेत्र विकास कोषले जनाएको छ।

शुक्रबार रातभर बत्ती बालेर बसेका भक्तजनले मार्गशीर्ष कृष्ण चतुर्दशीका दिन बिहान भने दिवङ्गत पितृको सद्गतिको कामना गर्दै शतबीज छर्छन्। त्रयोदशीको बेलुकीदेखि दिवङ्गत पितृका नाममा अखण्ड दीपदान गरी बसेका भक्तजनले बिहानै वाग्मती नदीमा दीप सेलाएर चतुर्दशीको बिहान पितृको सद्गतिको कामना गर्दै शतबीज छर्छन्।

यस अवसरमा पशुपतिनाथ मन्दिरलगायत देशभरका शिवमन्दिरमा भक्तजनको भीड लागेको जनाइएको छ। प्रत्येक वर्ष मार्गशीर्ष कृष्ण चतुर्दशीका दिन बालाचतुर्दशी पर्व मनाउन देशका विभिन्न स्थानबाट भक्तजन पशुपतिमा आउँछन्।



यसरी आएका श्रद्धालु भक्तजनको शुक्रबार बिहानैदेखि पशुपति क्षेत्रमा भीड लागेको थियो। बत्ती बाल्न बस्ने ठाउँ रोक्न बिहानैदेखि देशका विभिन्न स्थानबाट आएका भक्तजनको पशुपतिमा भीड लाग्ने गरेको हो। जाडोको मौसम भएकाले पाललगायत व्यवस्था गरिएको कोषले जनाएको छ। बालाचतुर्दशीको पशुपतिनाथ मेला समापन गर्न पशुपति क्षेत्रमा बिहीबार बिहानैदेखि सुरक्षाकर्मीलगायतको बाक्लो उपस्थिति छ।

आफ्नो परिवारभित्रका दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दै पशुपति क्षेत्रमा शतबीज छर्ने गरिन्छ। बालाचतुर्दशीको पूर्वसन्ध्या मार्गशीर्ष कृष्ण त्रयोदशीको शुक्रबार राति भक्तजनले पशुपतिनाथको मन्दिर वरपर बसी दिवङ्गत आत्माका नाममा महादीप बाली भजनकीर्तन र लोक झाँकी प्रस्तुत गरी रात बिताएका छन्।

शतबीज भनिए पनि हाल सप्तबीज (धान, जौ, तिल, गहुँ, चना, मकै, कागुनो) छर्दै मृगस्थलीमा रहेका बहिरा गणेश नजिक आइपुगेपछि उक्त गणेशको शिलालाई हल्लाउँदै ठूलो स्वरले दिवङ्गत आत्माले पाउने गरी सन्देश पुऱ्याउन अनुरोध गरिन्छ। धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम शतबीज भन्नाले हेमाद्रि नामक धर्मग्रन्थमा उल्लेख गरिए अनुसार धानका सय गेडा चढाउनुपर्ने अरु अन्न होइन भन्नुहुन्छ।

"भगवान् शिव मृगरूप लिएर घुम्नुभएको पुण्यक्षेत्रमा आजका दिन एक गेडा बीज छर्दा एक गेडा सुन दान गरे बराबरको पुण्य मिल्ने र दिवङ्गत आत्माले पनि मुक्ति पाउने चर्चा विभिन्न धर्मग्रन्थमा गरिएको छ", उहाँले भन्नुभयो।वाग्मती किनारको मृगस्थलीमा भगवान् शिव मृगरूप धारणा गरेर विहार गर्नुभएको थाहा पाई त्यस शिवरूपी मृगलाई चिन्न पार्वतीले विभिन्न किसिमको बीज छरेको र ती बीज उम्री हरिया भएपछि मृगहरू आउँदा सो बथानमा भगवान् शिवलाई पार्वतीले चिन्न सकेको किम्वदन्ती छ।

यसैगरी बालाचतुर्दशीसँग जोडिएको अर्को एउटा कथा पनि प्रसिद्ध छ। सो कथाअनुसार उहिले पशुपतिको मुर्दाघाटमा बस्ने 'बालानन्द' नामका एक मानिस खाजा खान लाग्दा त्यसै बखत पोलिएको शवको टाउको फुट्न गई उछिट्टिएको गिदी उनको च्युरामा परेको थियो। सो गिदीसँगै च्युरा खाँदा झन मीठो भएकाले त्यसै बेलादेखि उनी मुर्दाको गिदी खान पल्किए। त्यसपछि मानिसको गिदी खाने तथा लामालामा दाह्री, जुँगा र कपालले गर्दा मानिस डराई उसलाई बालासुर राक्षस भन्न थालेको र त्यसै बखत उसको राम्रो परिचय पाएका एकजना थकाली बूढाको सल्लाहअनुसार स्थानीय बासिन्दाले बालासुरको मित वृषसिंहमार्फत उसलाई मार्न लगाएको कथा पनि प्रचलित छ।

आफ्ना मितको हत्याबाट छट्पटाएका वृषसिंहलाई एक रात सपनामा भगवान् शिवजीले दर्शन दिई शतबीज छर्ने आज्ञा दिनुभएको थियो। मार्गकृष्ण चतुर्दशीका दिन श्लेषमान्तक वनको वरिपरि शतबीज छर्दा बालासुर वैतरणी तरेर गएकाले त्यसै बेलादेखि यस दिनलाई बालाचतुर्दशी भनी दिवङ्गत आत्माको शान्तिका लागि शतबीज छर्ने गरिएको हो।

माता, पिता दिवङ्गत भई एक वर्ष पूरा नभएकाले भने शास्त्रीयरुपमा दीपदान एवं शतबीज रोपण गर्नुनहुने धर्मशास्त्रविद् गौतमले सुनाउनुभयो। धर्मसिन्धु नामक ग्रन्थमा बरखी बारेकाले शिवको पूजा आजा त परको कुरा नाम समेत लिनु नहुने उल्लेख गरिएको छ। तर कूल परम्पराअनुसार कति भक्तजन भने शुक्रबार पनि बरखी बारेकै अवस्थामा पशुपतिनाथमा आएर बत्ती बालेका छन्। यस अवसरमा पशुपति क्षेत्र पुग्ने भक्तजनले वासुकी र गुह्येश्वरीको पूजा गर्नुपर्ने शास्त्रीय वचन रहेको जनाइएको छ। धेरै भक्तजनले कोषले सार्वजनिक गरेको कार्यतलिकाअनुसार नै शतबीज छरेका छन्।रासस

# त्रिवि क्रिकेट मैदानमा भीडमा च्यापिँदा दुई प्रहरीसहित सात घाइते

काठमाण्डु। कीर्तिपुर नगर पालिका-१० स्थित त्रिवि क्रिकेट मैदानमा नेपाल प्रिमियर लिग (एनपिएल) को उद्घाटन खेल हेर्न जाने क्रममा भीडमा च्यापिएर सात जना घाइते भएका छन्।

शनिबार विराटनगर किङ्स र जनकपुर बोल्ट्सबीच भएको



उद्घाटन खेल हेर्न जाने क्रममा भीडमा च्यापिएर सात जना घाइते भएका जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपर ीक्षक नवराज अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार घाइते हुनेमा रुपन्देहीको सिद्धार्थनगर घर भई बानेश्वर बस्ने २५ वर्षका जयन श्रेष्ठ, धादिङ खनियावास घर भई केन्द्रीय प्रहरी विशेष कार्यदल कपन दरबन्दी रहेका सङ्घीय संसद् सुरक्षा बेश बानेश्वर मा कार्यरत प्रहरी जवान अजय तामाङ र जुम्ला घर भई सोही बेसमा काम गर्ने प्रहरी दानबहादुर राउत घाइते भएका छन्।

यस्तै गुल्मीको कालिगण्डकी घर भई बानेश्वर बस्ने २९ वर्षीय शिशिर गौतम, कपिलवस्तु घर भई हाल काठमाडौँको सितापाइला ३२ वर्षीय केशव आचार्य, बैतडीका केशव नैंगी र रुकुम मुसिकोट घर भई हाल काठमाडौँ बस्ने ३२ वर्षीय प्रेम खड्गी पनि घाइते भएका प्रहर ीले जानकारी दिएको छ।

घाइतेमध्ये प्रहरी जवान तामाङको अवस्था गम्भीर रहेको प्रहरी उपरीक्षक अधिकारीले बताउनुभयो।

उहाँको अहिले बाँसवार ीस्थित न्यूरो अस्पतालमा उपचार भइरहेको छ। अन्य घाइतेको पनि काठमाडौँका विभिन्न अस्पतालमा उपचार भइरहेको छ।रासस

# डोल्पावासीका आधारभूत आवश्यकता पूरा गर्न सरकार प्रतिबद्ध छ : मन्त्री यादव

डोल्पा। खानेपानीमन्त्री प्रदीप यादवले नेपाल सरकार हरेक डोल्पावासी नागरिकका आधारभूत आवश्यकता पूरा गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ।

नेपालको उच्च हिमाली जिल्ला डोल्पाको ठूलोभेरी नगर पालिका-६ दूरगाउँका एखोलीमा निर्माण गरिएको खानेपानी तथा सरसफाइ आयोजनाको आज उद्घाटन गर्दै मन्त्री यादवले डोल्पावासी आमनागरिकका हरेक आवश्यकता पूरा गर्नका लागि नेपाल सरकार सधैँ तत्पर र कटिबद्ध रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "सरकारले डोल्पाली नागरिकको आधारभूत आवश्यकता पूरा गर्न कटिबद्ध छ, खानेपानीका यस्ता योजनाहरूले डोल्पा सहितका नेपालका अन्य दुर्गम क्षेत्रका जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनेछ।"

शनिबार उद्घाटन गरिएको उक्त खानेपानीआयोजनालेस्थानीयवासीको दीर्घकालीन आवश्यकता पूरा गर्दै स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गर्न महत्त्वपूर्ण कोसेढुङ्गा साबित हुने मन्त्री यादवले विश्वास व्यक्त गर्नुभयो। उहाँले डोल्पावासी आम नागरिकहरूको सहकार्य एवं सहयोगबाट डोल्पा जिल्लामा खानेपानी आयोजनाका काममा राम्रो



उपलब्धि सम्भव भएको बताउनुभयो।

यसैगरी, मन्त्री यादवले शनिबारै डोल्पाको ठूलीभेरी नगर पालिकामा खानेपानी मन्त्रालयको समन्वयमा स्थापित ठूलीभेरी नगर पालिका-७ जुफालमा रहेको ग्रामीण खानेपानी सेवा सहायता केन्द्रको समेत उद्घाटन गर्नुभयो।

उहाँले स्थानीय समुदायको जीवनस्तर सुधार गर्न, स्वास्थ्य समस्याहरू कम गर्न र पानीको दिगो व्यवस्थापनमा शुद्ध र स्वच्छ खानेपानीका आयोजनाले महत्वपूर्ण योगदान दिने मन्त्री यादवले बताउनुभयो। उहाँले भन्नुभयो, "नेपालका ग्रामीण क्षेत्रका जनतालाई स्वच्छ र सुरक्षित खानेपानी उपलब्ध गराउने सरकारको पहिलो प्राथमिकता छ, सोही अनुसार मन्त्रालय अगाडि बढेर काम गरिरहेको छ।" मन्त्री यादवले खानेपानी तथा सरसफाइ योजना तथा ग्रामीण खानेपानी सेवा सहायता केन्द्रको परियोजनाले डोल्पावासीको शुद्ध र स्वच्छ खानेपानीका लागि थप सुदृढ बनाएको बताउनुभयो। उहाँले भन्नुभयो, "यस आयोजनाको सफल सञ्चालनले खानेपानी तथा सरसफाइको विकासमा नयाँ इतिहास रच्नेछ भन्ने मैले विश्वास लिएको छु।" डोल्पा जिल्लामा निर्माण गरिएका खानेपानीका आयोजना निर्माण सम्पन्न कार्यलाई सफल पार्न एवं सहायता केन्द्र स्थापना गर्न सहयोग गर्ने स्थानीयवासी, जनप्रतिनिधि, कर्मचारी, सरोकारवालाहरू, स्थानीय तह, फिनल्याण्ड सरकार र युरोपियन युनियनप्रति मन्त्री यादवले धन्यवाद व्यक्त गर्नुभएको थियो। रासस

# 'सामाजिक एकता कायम गर्न भाषा-संस्कृति महत्वपूर्ण'

विराटनगर। कोशी प्रदेशका पर्यटन, वन तथा वातावरणमन्त्री सदानन्द मण्डलले सामाजिक एकता कायम गर्न भाषा-संस्कृतिको भूमिका महत्वपूर्ण हुने बताउनुभएको छ।

मैथिली एशोसिएसन नेपालद्वारा शनिबार आयोजित 'मान इन्टरनेशनल अवार्ड' कार्यक्रममा उहाँले मान-सम्मानको पर म्पराले समाजमा एकता एवं सद्भाव अभिवृद्धि गर्न मद्दत मिल्ने बताउनुभयो।

राष्ट्रिय समाचार समिति(रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले सबैको मान-सम्मान गर्नुपर्नेमा जोड दिँदै आफूले पाउन अरुलाई पनि सम्मान गर्नुपर्छ भन्नुभयो। फरक प्रसङ्गमा उहाँले बहुभाषिक हाम्रो मुलुकका विविध मातृभाषाका समाचार र विचार सम्प्रेषणलाई प्राथमिकता दिँदै राससले आफ्नो सेवामा मैथिली भाषालाई समावेश गरेको बताउनुभयो।

त्यसअवसरमा कार्यकारी अध्यक्ष झालाई सम्मान गरिएको थियो। साथै नेपाल र भारतका एक सय १० जनालाई सम्मान



गरिएको थियो। कार्यक्रम एशोसिएसनका अध्यक्ष प्रवीननार ायण चौधरीको अध्यक्षतमा भएको थियो।रासस

# ओमानमा पहिलोपटक सामाजिक सुरक्षासम्बन्धी विशेष कार्यक्रम

काठमाण्डु। ओमानस्थित नेपाली राजदूतावासद्वारा शुक्रबार दूतावास परिसरमा नेपाली श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्धता तथा योगदानको नियमितता गर्ने, श्रम एवं कन्सुलर सेवासम्बन्धी अभिमुखीकरण कार्यक्रमको आयोजना गरियो।

त्यस अवसरमा ओमानका लागि नेपाली राजदूत डोरनाथ अर्यालले सामाजिक सुरक्षा कोष, श्रमिकको सुरक्षाका निम्ति नेपाल सरकारले चालेका कदमबारे जानकारी दिँदै आतिथेय मुलुकको कानुनको पूर्ण परिपालना गर्न सम्बद्ध सबैमा आग्रह गर्नुभयो।

सामाजिक सुरक्षा कोषका उपकार्यकारी निर्देशक विवेक पन्थीले सामाजिक सुरक्षा कोषमा आबद्ध




हुने प्रक्रियाबारे जानकारी दिनुभएको थियो। कार्यक्रममा श्रम तथा कन्सुलर सेवासम्बन्धी जानकारी दिइएको थियो। कार्यक्रमबाट दुई सय १५ जना सेवाग्राही लाभान्वित भएका र ाजदूतावासले आज जारी गरेको प्रेस विज्ञप्तिमा जनाइएको छ।

नेपाली राजदूतावास मस्कटबाट विगतमा कार्यालय खुलेको दिनमा सेवा लिन आउन असहज हुने नेपाली श्रमिकहरुलाई लक्षित गर्दै निजहरुको सहजताका लागि सार्वजनिक बिदाकै दिनमा राहदानी तथा कन्सुलर सेवासम्बन्धी शिविर सञ्चालन गर्दै आएको भए तापनि विदेशमा भने सामाजिक सुरक्षासम्बन्धी सेवा पहिलो पटक आयोजना गरिएको हो।रासस

# एमाले-कांग्रेसद्वारा लुम्बिनी प्रदेश सरकारको समीक्षा

लुम्बिनी। नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कांग्रेसको लुम्बिनी प्रदेशस्तरीय संयन्त्रको बैठक शनिबार बुटवलमा सम्पन्न भएको छ। बैठकमा प्रदेश सरकारले गरेका कामको समीक्षा गरिएको छ।

एमाले लुम्बिनी प्रदेशका इन्चार्ज पद्मा अर्यालको अध्यक्षतामा बसेको संयन्त्रको बैठकमा प्रदेश सरकारले गरेको कामका बारेमा मुख्यमन्त्री चेतनारायण आचार्यले जानकारी गराउनुभएको थियो। एमाले-कांग्रेस संयुक्त सरकाले अघि सारेका कामहरु सही दिशामा अघि बढेको, सुशासन कायम गर्दै भ्रष्टाचार नियन्त्रणको पाँचवर्षे रणनीतिक योजना निर्माण गरेर कार्यान्वयनमा लगिएको उहाँले जानकारी गराउनुभएको थियो। यस्तै, बैठकमा संसदीय क्षेत्रमा भएका कामका बारेमा नेपाली कांग्रेस संसदीय दल नेता डिल्लीबहादुर चौधरीले प्रकाश पार्नुभएको थियो। रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख। |
| बृष | : सुख समृद्धि हुने। |
| मिथुन | : भ्रमण अवसर हुने। |
| कर्कट | : अवसर प्राप्त। |
| सिंह | : वाद विवादबाट बच्नु। |
| कन्या | : नयाँ कार्य हुने। |
| तुला | : पुरस्कार प्राप्त लाभ। |
| वृश्चिक | : बौद्धिक क्षमता। |
| धनु | : प्रतिभा सम्पन्नता। |
| मकर | : शिक्षामा उन्नति। |
| कुम्भ | : पारिवाहिक सुख। |
| मीन | : धन वृद्धि सञ्चय। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



विवाह पंचमी महोत्सव नजिकिएको बेलामा जनकपुरधामको जानकी मन्दिरलाई भव्यता प्रदान गर्ने उदेश्यले झिलिमिली बनाइएको सुन्दर छवी । *तस्बिर : संजय कुमार यादव*

# 'प्रधानमन्त्रीको चीन भ्रमणबाट नेपालले अधिकतम लाभ लिनुपर्छ'



दमौली । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति डा स्वर्णिम वाग्लेले प्रधानमन्त्रीको आसन्न चीन भ्रमणका क्रममा नेपालले चीनबाट अधिकतम लाभ लिन सक्नुपर्ने बताउनुभएको छ । शनिबार दमौलीमा आयोजित पार्टीको जिल्ला भेलामा उपसभापति वाग्लेले चीनमात्रै नभई भारतलगायत बहुपक्षीय निकायबाट सहयोग लिनुपर्ने बताउनुभयो ।

नेपालमा पूर्वाधारको अभाव खड्किएकाले सहयोगी निकायबाट अनुदान वा ऋण लिनुपर्ने डा वाग्लेको भनाइ छ । "एक प्रतिशत ब्याज भए ऋण नै लिए पनि फरक पर्दैन । ३०/४० वर्षमा र कम फिर्ता गर्नुपर्ने प्रकृतिको ऋण भए स्वीकार्नुपर्छ", उहाँले भन्नुभयो,"केही राजनीतिक दलले चीनबाट ऋण लिनैहुँदैन भन्ने प्रकृतिका अभिव्यक्ति दिनु अपरिपक्व छ । सन्तुलित र परिपक्व हिसाबले नेपाल अगाडि बढ्नुपर्छ ।"उपसभापति वाग्लेले मिसन २०८४ को तयारीका लागि अहिलेदेखि नै लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले पार्टी सभापति रबि लामिछाने पक्राउपछि केही तयारीमा ढिलाइ हुँदा आसन्न उपनिर्वाचनमा केही ठाउँमा पार्टीका उम्मेदवार नउठाइएको प्रष्ट पार्नुभयो ।रासस

# सहयोगको भावना वृद्धि गर्नुपर्नेमा अध्यक्ष दाहालको जोड

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले समाजमा दुःखपीडामा परेकालाई सहयोग गर्नु नेपाली समाजको संस्कृति भएको उल्लेख गर्दै सहयोगको भावना वृद्धि गर्नुपर्नेमा जोड दिनुभएको छ । गत कात्तिक २८ गते झाँक्री प्रकाश भुजेलले चलाएको गाडीको ठक्करबाट ज्यान गुमाएका नारायण नगरकोटी र श्रीमती सानुमाया नगरकोटीका दुई छोरीलाई शनिबार शैक्षिक सामग्री हस्तान्तरण गर्दै उहाँले उक्त कुरा बताउनुभएको हो ।



दुर्घटनापछि अध्यक्ष दाहाल कागेश्वरी मनोहरा नगरपालिका-२ आलापोटस्थित नगरकोटी निवास पुगेर बाबुआमा गुमाएका दुई छोरी गरिमा र अनु नगरकोटीको अभिभावकत्व लिने घोषणा गर्नुभएको थियो । उहाँको घोषणालाई समर्थन गर्दै उद्धव नेपालले गरिमा र अनुलाई कक्षा १२ सम्म अध्ययन गर्दा आवश्यक पाठ्यपुस्तकलगायत शैक्षिक सामग्री र पोशाक सहयोग गर्ने घोषणा गर्नुभएको छ । सहयोग घोषणा कार्यक्रममा अध्यक्ष दाहालले शैक्षिक सामग्री सहयोग गर्ने नेपाल, घटनालगत्तै एकताबद्ध भएर यो पीडालाई उजागर गर्दै सहयोग सङ्कलन गर्ने आलापोटवासी र निःशुल्क अध्ययनको व्यवस्था मिलाउने विद्यालयलाई धन्यवाद दिनुभयो । उहाँले भन्नुभयो, "समाजमा पीडामा भएका र सेवा आवश्यक भएकालाई सहयोग गर्ने भावना नेपाली समाजको संस्कृति नै हो, यसलाई बढाएर लैजानुपर्छ ।"

पार्टीले बालिकाहरुको अभिभावकत्व लिने प्रतिबद्धता व्यक्त गरिसकेको उल्लेख गर्दै अध्यक्ष दाहालले त्यसलाई पूरा गर्ने र कक्षा १२ सम्म पार्टीले नै अभिभावकत्व लिएर बुवाआमा गुमाएका दुई छोरीलाई पठनपाठनको व्यवस्था मिलाउने बताउनुभयो । सो क्रममा सहयोगी नेपालले बालिकाका परिवारलाई शैक्षिक सामग्री पनि हस्तान्तरण गर्नुभएको थियो ।रासस

# व्यापार घाटा तीन खर्ब ५२ अर्ब ३७ करोड

काठमाण्डु । चालु आर्थिक बर्षको तीन महिनामा मुलुकको व्यापार घाटा चार प्रतिशतले कमी आएको छ । नेपाल राष्ट्र बैंकका अनुसार कुल वस्तु निर्यातमा छ दशमलव एक प्रतिशतले कमी आई रु ३८ अर्ब ३८ करोड कायम भएको छ । यस्तै, वस्तु आयातमा चार दशमलव दुई प्रतिशतले कमी आई रु तीन खर्ब ९० अर्ब ७५ करोड कायम भएको छ ।




गत वर्षको तुलनामा व्यापार घाटामा चार प्रतिशतले गिरावट आई रु तीन खर्ब ५२ अर्ब ३७ करोड रहन गएको छ । यस्तै, विप्रेषण आप्रवाह ११ दशमलव पाँच प्रतिशतले वृद्धि भई रु चार खर्ब सात अर्ब ३१ करोड रहन गएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २५ दशमलव पाँच प्रतिशतले वृद्धि भई रु तीन खर्ब ६५ अर्ब ३७ करोड पुगेको थियो ।

चालु आवको पहिलो त्रयमासमा चालु खाता रु एक खर्ब ११ अर्ब ८७ करोड र शोधनान्तर स्थिति रु एक खर्ब ८४ अर्ब ९९ करोडले बचतमा छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा चालु खाता रु ५९ अर्ब ६५ करोड र शोधनान्तर स्थिति रु एक खर्ब एक अर्ब ६६ करोडले बचतमा रहेको थियो ।

औसत उपभोक्ता मुद्रास्फीति चार दशमलव २६ प्रतिशत रहेको छ । गत असोजमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ८२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा मुद्रास्फीति सात दशमलव ५० प्रतिशत रहेको थियो ।तरकारी तथा दलहन उप- समूहको उच्च मूल्य वृद्धिका कारण २०८१ असोजमा वार्षिक विन्दुगत आधारमा खाद्यान्न समूहको मुद्रास्फीति सात दशमलव १८ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ५० प्रतिशत रहेको छ ।

अघिल्लो वर्षको सोही महिनामा यी समूहको मुद्रास्फीति क्रमशः आठ दशमलव ४८ प्रतिशत र छ दशमलव ८५ प्रतिशत रहेको थियो ।गत असोजमा वार्षिक विन्दुगत थोक मुद्रास्फीति पाँच दशमलव ५१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति दुई दशमलव ७८ प्रतिशत रहेको थियो । त्यसैगरी, तलब तथा ज्याला सूचकाङ्क तीन दशमलव ३६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सूचकाङ्क पाँच दशमलव ६५ प्रतिशतले बढेको थियो ।

चालु आवको मुद्रास्फीतिलाई पाँच प्रतिशतको हाराहारीमा राख्ने गरी मौद्रिक व्यवस्थापन गर्ने नीति लिइएकोमा पहिलो तीन महिनाको औसत उपभोक्ता मुद्रास्फीति चार दशमलव २६ प्रतिशत रहेको छ । गत असोज महिनामा खाद्य तथा पेय पदार्थ समूहको मूल्य वृद्धि सात दशमलव १८ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मूल्य वृद्धि तीन दशमलव ४९ प्रतिशत रही वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ८२ प्रतिशत रहेको छ ।

कम्तिमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा गत असोज मसान्तमा १४ दशमलव महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने विदेशी विनिमय सञ्चिति रहेको छ ।

मौद्रिक नीतिमा उल्लिखित ब्याजदर करिडोरको माथिल्लो सीमाको बैंकदरलाई सात प्रतिशतबाट छ दशमलव पाँच प्रतिशत र नीतिगत दरलाई पाँच दशमलव पाँच प्रतिशतबाट पाँच प्रतिशत कायम गर्ने नीतिगत व्यवस्था कार्यान्वयनमा आएको छ। चालु आवको पहिलो त्रयमासमा बैंक तथा वित्तीय संस्थाको भारित औसत अन्तरबैंक दर तीन प्रतिशत छ ।

आर्थिक वर्ष २०८१/८२ मा विस्तृत मुद्राप्रदाय १२ प्रतिशत र मौद्रिक क्षेत्रबाट निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा १२ दशमलव पाँच प्रतिशतसम्मले वृद्धि हुने प्रक्षेपण गरिएकोमा वार्षिक विन्दुगत आधारमा गत असोज मसान्तसम्ममा विस्तृत मुद्राप्रदाय १३ दशमलव तीन प्रतिशत र निजी क्षेत्रतर्फको कर्जा छ दशमलव दुई प्रतिशतले वृद्धि भएको छ ।रासस

# नेपालमा ९१ प्रतिशतले एचआइभी सङ्क्रमण घट्यो

काठमाण्डु । नेपालमा सन् २०२३ मा ९१ प्रतिशत एचआइभीको सङ्क्रमण घटेको पाइएको छ । राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले विश्व एड्स दिवसको अवसरमा जारी गरेको तथ्याङ्कमा सन् २००० को तुलनामा सन् २०२३ मा ९१ प्रतिशत एचआइभीको सङ्क्रमण घटेको पाइएको हो ।




केन्द्रका निर्देशक डा सर्वेश शर्माका अनुसार सन् २०२३ मा ४५७ जना मात्र नयाँ एचआइभीका सङ्क्रमित भेटिएका छन् । सन् २००० मा पाँच हजार १०० जना नयाँ सङ्क्रमित भेटिएका थिए । उहाँले सरकारले एचआइभी उपचारमा उल्लेखनीय काम गरेकाले नयाँ सङ्क्रमति कम भइरहेको बताउनुभयो । उहाँले सङ्क्रमतिलाई उपचार प्रक्रियामा ल्याइएकाले सर्न कम भएर घटेको बताउनुभयो ।

"हामीले सङ्क्रमितको पहिचान गरेर औषधि पद्धतिलाई राम्रो बनाएका छौँ", उहाँले भन्नुभयो, "सबै सङ्क्रमित उपचारमा ल्याएका छौँ, ती उपचारमा रहेका सङ्क्रमितले औषधि खाएपछि अरुलाई सार्दैनन् र सङ्क्रमित कम हुँदै गएका छन् ।" औषधि खानेको शरीरमा भाइरसको भार न्यून हुने गरेको उहाँले बताउनुभयो ।

उहाँका अनुसार अहिले देखिएका सङ्क्रतिमध्ये ८७ प्रतिशतले औषधि सेवन गरिरहेका छन् । औषधि सरकारले निःशुल्क उपलब्ध गराउँदै आएको छ । सन् २०२३ सम्म नेपालमा ३० हजार ३०० व्यक्ति एचआइभी सङक्रमित रहेका छन् । विश्वमा आठ करोड ८४ लाख मानिस एचआइभी सङ्क्रमित र चार करोड २३ लाख व्यक्तिको एड्सका कारणले मृत्यु भइसकेको छ । सन् २०२३ मा विश्वमा १३ लाख मानिस एचआइभी सङक्रमित भएका थिए ।

यस्तै एचआइभीबाट मृत्यु हुनेको सङ्ख्यामा कमी आएको छ । सन् २०२३ मा २३१ जनाको सङक्रमणको कारणले मृत्यु भएको छ । सन् २०१० मा एक हजार सात सय जना व्यक्तिको एड्सको कारणले मृत्यु हुने गरेको थियो । नेपालमा सन् १९९८ मा पहिलो पटक एचआइभी एड्स देखिएको थियो ।

> एचआइभीबाट मृत्यु हुनेको संख्यामा कमी आएको छ । सन् २०२३ मा २३१ जनाको सङक्रमणको कारणले मृत्यु भएको छ । सन् २०१० मा एक हजार सात सय जना व्यक्तिको एड्सको कारणले मृत्यु हुने गरेको थियो । नेपालमा सन् १९९८ मा पहिलो पटक एचआइभी एड्स देखिएको थियो ।

निर्देशक डा शर्माले अझै पनि उपचारबाट बाहिर रहेका करिब पाँच हजार सङ्क्रमितलाई उपचारमा ल्याउने हो भने सरकारले तोकेको लक्ष्य पूरा हुने बताउनुभयो । "अझै करिब पाँच हजार सङ्क्रमित उपचार भन्दा बाहिर रहेका छन्", उहाँले भन्नुभयो, "हामी ती सङ्क्रमितको पहिचान गरेर उपचारमा ल्याउने प्रयासमा रहेका छौँ ।"

उहाँले एचआइभी सङक्रमितमाथि अझै समाजमा लाञ्छना र भेद्भाव रहेकाले हटाउन आवश्यक रहेको बताउनुभयो । नेपालमा एचआइभी सङ्क्रमितमध्ये उच्च जोखिममा रहेका समूहमा सुईद्वारा लागुपदार्थ प्रयोग गर्ने, यौनकर्मी, पुरुष समलिङ्गी तथा तेस्रो लिङ्गी र रोजगारीका लागि विदेशिने रहेका छन् ।

तीमध्ये सुईद्वारा लागुपदार्थ प्रयोग गर्ने र पुरुष समलिङ्गी यौनकर्मीमा सङ्क्रमणदर अरु जोखिम समूहभन्दा उच्च रहेको छ । सन् २०२० को राष्ट्रिय सर्वेक्षणअनुसार सुईद्वारा लागुपदार्थ प्रयोग गर्नेमा तीन प्रतिशतका दरले एचआइभी सङ्क्रमण रहेको पाइएको छ । यस्तै सन् २०१७/१८ मा गरिएको सर्वेक्षणमा महिला यौनकर्मीमा दुई दशमलव दुई प्रतिशत र पुरुष समलिङ्गीमा छ दशमलव दुई प्रतिशतका दरले एचआइभी सङक्रमण रहेको पाइएको छ ।

सन् २०२४ मा सम्पन्न राष्ट्रिय सर्वेक्षणअनुसार भारतमा कामदार नेपालीमा शुन्य दशमलव दुई प्रतिशत सङ्क्रमण रहेको पाइएको छ । नेपालमा राष्ट्रिय एचआइभी रणनीतिक योजना २०२१-२०२६ ले निर्देश गरेअनुरुप उच्च जोखिममा रहेका समूह जस्तै सुईद्वारा लागुपदार्थ प्रयोग गर्ने, यौनकर्मी र तिनका ग्राहक, पुरुष समलिङ्गी तथा तेस्रो लिङ्गी र रोजगारका लागि विदेशीने तथा तिनका दम्पत्ती एवं जेलमा रहेका कैदीका लागि एचआइभी रोकथाम कार्यक्रम तथा सङ्क्रमित र प्रभावितका लागि उपचार, हेरचाह तथा सहयोग कार्यक्रम सञ्चालन भइरहेको छ ।

सोही योजनाअनुसार नेपालमा सन २०३० सम्ममा एड्स तथा एचआइभीलाई अन्त्य गर्ने रणनीति रहेको छ । अहिले अनुमानित एचआइभी सङ्क्रमिमध्ये ९५ प्रतिशतको पहिचान गर्ने, ९५ प्रतिशतको उपचार गर्ने र ९५ प्रतिशतको शरीरमा भाइरसको भार न्यून गर्ने योजना सरकारको रहेको छ । केन्द्रका निर्देशक डा शर्माका अनुसार एचआइभी सङ्क्रमिमध्ये ९४ प्रतिशतको पहिचान, ८७ प्रतिशतको उपचार र ७४ प्रतिशतको शरीरमा भाइरसको भार न्यून भइसकेको जानकारी दिनुभयो ।

हाल ६१ जिल्लाका ८४ एआरटी सेन्टरबाट एन्टिरेट्रोभाइरल उपचार निःशुल्क उपलब्ध रहेको छ । देशका सबै जिल्लामा आमाबाट बच्चामा हुने सङ्क्रमण रोकथाम गर्न समुदायमा आधारित कार्यक्रम सञ्चालन भइरहेको छ । आइतबार डिसेम्बर १ तारिख नेपालसहित विश्वभरि नै ३७औँ विश्व एड्स दिवस 'एड्स अन्त्यका लागि सबैको सुनिश्चतता गरौँ' भन्ने नाराका साथ मनाइँदै छ ।रासस

# सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने ऐन नियम संशोधनका लागि आयोगको सुझाव




काठमाण्डु । राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने ऐन नियम संशोधनको लागि सरकारलाई सुझाव दिएको छ। आयोगले आर्थिक वर्ष २०८०/८१ को १६औँ वार्षिक प्रतिवेदनमार्फत सूचनाको पहुँच बढाउन त्यससम्बन्धी कानुनमा एकरूपता ल्याउन र सरकारलाई खुलापनतिर लैजान कानुन संशोधनका लागि सुझाव दिएको हो ।

आयोगले सार्वजनिक निकायका पदाधिकारीलाई नयाँ कानुनअन्तर्गत कति सूचना खुला गर्ने, कति गोप्य राख्ने भन्ने निधो गर्न र सोअनुसन काम गर्न कठिनाइ भइरहेको भन्दै सुझाव दिएको जनाएको छ। सूचनाको हकसम्बन्धी कानुन समयसापेक्ष संशोधन र परिमार्जन गर्नुपर्नेमा आयोगले जोड दिँदै आएको छ । "एउटा ऐनले सूचना दिनुपर्छ भन्छ भने अर्को ऐनले अनधिकृत रूपले सूचना सार्वजनिक गर्यो भने सजायको भागिदार हुन्छ भन्छ । यस्तो अवस्थामा कर्मचारी सूचना नदिनेतिर लाग्ने सम्भावना बढी हुन्छ । सजायको कुराले त्रास खडा गरेको छ", प्रतिवेदनमा भनिएको छ ।


आयोगले गत बुधबार प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष १९ बुँदे सुझावसहितको प्रतिवेदन पेस गरेको थियो । सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनलाई प्रभावकारी बनाउन आयोगले आग्रह गरेको छ ।

आयोगले अधिकांश राजनीतिक दलले नै सूचनाको हकसम्बन्धी कानुनको व्यवस्था पालना नगरेकाप्रति ध्यानार्कषण गराएको छ । राजनीतिक दलले सूचनाको हकसम्बन्धी कानुनबमोजिम सूचना अधिकारी तोक्ने, स्वतः प्रकाशन गर्ने र सूचना माग भएमा तत्काल उपलब्ध गराउने व्यवस्था कार्यन्वयन गर्न आयोगको सुझाव छ ।

आयोगले कतिपय सार्वजनिक निकायमा सूचना माग गर्नेमाथि नै दुर्व्यवहारदेखि ज्यानसमेत जोखिममा पार्ने काम भएको भन्दै सूचना मागकर्ताको सुरक्षाका लागि आवश्यक व्यवस्था गर्न सुझाव दिएको छ । यस्तै मानव अधिकारका लागि काम गरिरहेका गैरसरकारी संस्थाले मानव अधिकारका अन्य विषयभन्दा सूचनाको हक स्थापित गर्ने काममा विशेष रूपमा सक्रिय हुनुपर्ने सुझाव दिइएको छ ।

आयोगले पर्याप्त बजेट अभावले आफना जिम्मेवारी र दायित्व पूरा गर्न बाधा पुगिरहेका तर्फ ध्यानार्कषण गराउँदै कार्यक्षेत्र विस्तार गर्न पर्याप्त वित्तीय स्रोतसाधन विनियोजन र वित्तीय स्रोतमा स्वायत्तता प्रदान गर्नुपर्ने आयोगको सुझाव छ । "राष्ट्रिय सूचना आयोगका सन्दर्भमा धेरै विषयमा स्वयत्तता रहँदा रहँदै पनि वित्तीय स्वायत्तता नभएका कारण अन्तरर्राष्ट्रिय मूल्याङ्कनमा कमजोर रहने गरेको छ", आयोगको प्रतिवेदनमा भनिएको छ, "आयोगलाई आवश्यक पर्ने बजेटका सम्बन्धमा सूचनाको हकसम्बन्धी संसदीय समितिमा अर्थ मन्त्रालयसहितको सहभागितामा छलफल गरी सोही निर्णयअनुसार बजेट विनियोजन गर्ने व्यवस्था हुनुपर्छ ।"

यस्तै, आयोगले गोपनीयताको सट्टा अब जनतालाई सबै कुरा खुला गर्ने पारदर्शिताको शपथ लिनुपर्नेमा समेत आयोगले सुझाव दिएको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# बजेटको व्यवधान हट्यो

मधेश प्रदेशको अर्थ मन्त्रालयले गत साउनमा जारी गरेको मार्गनिर्देशन रद्द गरेसँगै मन्त्रालयहरुलाई बजेट चलाउन सहज भएको छ। मन्त्रीस्तरीय निर्णयबाट विगतको मार्गनिर्देशनलाई खारेज गर्दै चार बुँदे नयाँ मार्ग निर्देशन जारी गरिएको छ। शुक्रबार भएको यस्तो निर्णयले मन्त्रालयहरुलाई बजेट कार्यान्वयनमा सहज भएको दाबी गरिएको छ। बजेट कार्यान्वयनमा ४० बुँदे मार्ग निर्देशनले जटिलता खडा गरेको थियो। ४० बुँदे मार्ग निर्देशनकै कारण अर्थ मन्त्रालयले बजेट लक गरेको थियो। तत्कालीन अर्थसचिवले जानाजान जटिलता सृजना गर्न अनावश्यक विषयहरु समेत मार्ग निर्देशनमा राखेका थिए। बजेट पुस्तिकामा उल्लेख भएका कार्यक्रमहरुको कार्यान्वयन गर्न पनि कठिनाई भएको थियो। बजेट कार्यान्वयन गर्न समस्या देखिएपछि पुरानो मार्ग निर्देशन खारेज गरी नयाँ मार्ग निर्देशन जारी गरिएको छ। ४० बुँदे मार्ग निर्देशन खारेज गरी जारी गरिएको नयाँ मार्ग निर्देशनमा जम्मा चार बुँदा राखिएको छ। त्यस मध्ये एउटा अन्तिमको बुँदा पुरानो खारेज गरिएको भनेमा नै केन्द्रित छ। अन्य तीन बुँदा बजेट कार्यान्वयन सम्बन्धमा छ। बजेट कार्यान्वयनमा अब कुनै विशेष समस्या देखिए अर्थ मन्त्रालयसित समन्वय गर्न मार्ग निर्देशनमा भनिएका छ। बजेट अनलक गरिएपछि मन्त्रालयहरुले धमाधम काम थाल्ने भएको छ। पाँच महिनादेखि मधेश प्रदेशमा काम सुरु हुन सकेको थिएन्। रेडबुक(बजेट पुस्तिका)नै त्रुटिपूर्ण रहेको मुख्यमन्त्री स्वयंले स्विकार गरिसकेकाले त्यसको पनि पुस महिनामा संशोधन गर्ने संभावना छ। तत्कालीन अर्थमन्त्री भरत साहले प्रस्तुत गरेको बजेटमा कर्मचारीहरुले चलखेल गरेको आरोप लागेको थियो। तर मुख्यमन्त्रीले छानविन गर्न बनाएको समितिको प्रतिवेदन पनि सार्वजनिक भएको छैन्। बजेटमा योजना समावेश गर्न पुरक बजेट ल्याउने तयारी पनि भएको थियो। तर त्यो पनि हुन सकेको छैन्। मुख्यमन्त्री भाषणमुखी छन्। प्रदेशमा विकास निर्माणको कार्य समयमै सुरु नहुँदा हरेक वर्ष आधी भन्दा बढी बजेट फ्रिज हुने गरेको छ। असार महिनामा सर्वाधिक बजेट खर्च हुने विकृतिलाई यो सरकारले पनि हटाउन चासो देखाएको छैन्। उपभोक्ता मार्फत काम नगर्ने सरकारले व्यक्त गरेको प्रतिबद्धता विपरीत उपभोक्ता मार्फत काम गर्ने निर्णय गरेको छ। उपभोक्ता समिति मार्फत काम हुँदा विकृति व्यापक बढेको भन्दै सरकारको चौतर्फी आलोचना हुने गरेको थियो। सरकारले उपभोक्ता समिति मार्फत कार्य गर्ने र अर्थमन्त्रालयले बजेट अनलक गर्ने निर्णय गरेसँगै विकास निर्माणले गति लिने अपेक्षा गरिएको छ।

# बीआरआई कार्यान्वयनमा नेपालको अडान कायम रहला ?



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

जहिलेपनि प्रधानमन्त्रीको छिमेकी मुलुक भारत र चीनको औंपचारिक भ्रमणको तिथि निश्चित हुन्छ। त्यसपछि, नेपालको राजनीतिक क्षेत्रमा गम्भीर रुपमा तर्कवितर्क शुरु हुने गर्छ। दुई देशबीच व्यापारलगायत विभिन्न क्षेत्रमा कसरी लाभ लिने र विकास निर्माण, उर्जा, विद्युतलगायतका विषयमा तथ्यगत आधारमा ठोसमूलक सुझाव दिँदा उपयुक्त हुन्छ। त्यो बेलामा ठूलावडादेखि सर्वसाधारणपनि बडो चासोका साथ प्रधानमन्त्रीलाई के-के नगर्ने विषयमा पटक पटक सचेतनाका साथ सल्लाह दिने गर्छन्। सञ्चार जगतपनि विचार गोष्ठीको आयोजना गरी विभिन्न राजनीतिक दल, कुटनीतिज्ञलगायत विभिन्न क्षेत्रका महानुभावहरुको सुझाव लिने गर्छन्। प्रधानमन्त्रीको भारततर्फ भ्रमण हुने विषयलाई बडो आशङ्का र संशयको रुपमा हेरिन्छ। शङ्काको दृष्टि हेर्नुको मुख्य कारणमध्ये नदीसम्बन्धी प्रधानमन्त्रीले सम्झौता नगरून नै हो। उत्तरको छिमेकी चीनको भ्रमण हुँदा तुलनात्मक रुपमा बढी उत्साह देखिन्छ। यसपल्ट, चीनको भ्रमण त्यति उत्साहप्रद छ, जस्तो लाग्दैन्। चीन वेल्ट एण्ड रोड इन्सिएटीभ (बीआरआई) परियोजना कार्यान्वयनको दस्तावेज लिएर बसेको छ। प्रधानमन्त्री केपि ओली आऊन र सो दस्तावेजमा हस्ताक्षर गरून चीनको उत्कट चाहना छ। नेपालले सात बर्षदेखि चीनलाई आश्वासनमै राखेको छ। चीनको पनि धेर्यताको सीमा नाघ्ने अवस्थामा पनि छ। यसपल्ट, सम्झौता गरेन भने चीन विच्किने वा चिढने अवस्थापनि सृजना हुन आशङ्का छ। यसका साथै, उक्त परियोजनाबाट एक किसिमले नेपाल बाहिरिएको सन्देश प्रवाह हुनेछ। चीनको भरपर्दो छिमेकी राष्ट्र नेपालपनि बीआरआई परियोजनाप्रति विश्वस्त नरहेको भनेर विभिन्न सञ्चार माध्यममा चर्चाको विषय बन्यो भने चीनको अन्तर्राष्ट्रिय छविमा आघात पुग्ने खतरापनि छ।

दुवैपक्षबीच अनौंपचारिक छलफल भइरहेको छ। चीन जसरीपनि परियोजना कार्यान्वयनको लागि हस्ताक्षर खोजेको छ। त्यसकारण, काँग्रेस र एमाले साझा धारणा बनाएर 'बीआरआई कोअपरेशन फ्रेमवर्क' प्रस्तावको तयारीमा जुटेको हो। चिनियाँ पक्ष सो प्रस्तावमा सहमत भयो भने अनुदानमैं लगानी हुनेछ। यदि, ऋण लगानीमैं नेपाली पक्षले हस्ताक्षर गर्‍यो भने चीनप्रति सहानुभूति राखेको कारण मुलुकलाई ऋणमा डुवाउन खोजिएको ओलीलाई आरोप लाग्नेछ। सोही कारणले अहिलेको अवस्थामा बीआरआई परियोजना नेपालको लागि 'निल्नु न ओकल्नु' अवस्थामा पुर्‍याएको देखिन्छ।

नेपालले अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशनमा सम्झौता गर्‍यो। चीनको बीआरआई परियोजना कार्यान्वयनमा सम्झौता नगरेको खण्डमा नेपाल अमेरिकाको दवावमा परेको भनेर चीनले अर्थ्याउने चिन्ता नेपाली पक्षमा देखिन्छ। चीनले बीआरआईमार्फत विश्वमैं आफ्नो सञ्जाल विस्तार गरिरहेको अमेरिकाको बुझाइ छ। यस्तो अवस्थामा नेपाललाई सन्तुलित नीति अपनाउनुपर्छ। चीनलाई पनि पूर्ण अनुदानमा लगानी गर्न लचिलो हुनुपर्छ। चीनले दस दिनअघि पठाएको बीआरआईको दस्तावेजमा काँग्रेसले प्रष्ट रुपमा दोहोरो अर्थ लाग्ने बुँदामा स्पष्टता र केही सामान्य संशोधनका लागि ध्यानाकर्षण गरेको छ। सन् २०१७ अर्थात विसं २०७३-०७४बीच दस महिना प्रधानमन्त्री रहदा पुष्पकमल दाहालले सम्झौता गरेका थिए। सो परियोजना कार्यान्वयन गर्दा 'ऋण कि अनुदान' भन्ने सम्बन्धमा निक्यौंल नगरेको कारण अहिलेसम्म सो परियोजनामार्फत नेपालमा लगानी नभएको हो।

बामपन्थी नेता र राजनीतिक विश्लेषक एवम् कतिपय सञ्चारकर्मी पनि चीनप्रति अपार श्रद्धा प्रकट गर्छन्। गर्नुपनि पर्ने हो। तर, पहिले राष्ट्रिय हितलाई ध्यानमा राख्नुपर्छ। उनीहरुले ऋण लिएर भएपनि चीनको बीआरआई परियोजनामा सहमति गर्नुपर्ने विभिन्न पत्रपत्रिका र सामाजिक सञ्जालमार्फत सुझाव दिएको देखिन्छ।

नेपालमाथि ऋणको चाप बढ्दै गएको छ। थप ऋण लिएको खण्डमा कतै श्रीलङ्काजस्तै हविगत हुने डर पनि छ। प्रधानमन्त्रीको भ्रमणलाई कसरी फलदायी बनाउने विषयमा छलफल गरी सकारात्मक सुझाव दिनुपर्ने हो। पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, झलनाथ खनाल, पुष्पकमल दाहाल र डा.बावुराम भट्टराईले बीआरआई परियोजनाको कार्यान्वयनका लागि सम्झौता गर्न सुझाव दिएका छन्। यस सन्दर्भमा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले चीन मित्र राष्ट्र भएकाले यस भ्रमणले सम्बन्धलाई थप सुदृढ बनाउने छ। उनले चीनसँग अनुदानमा लगानीका लागि आग्रह गर्नुभएको छ। तर,डा. भट्टराईलगायत केही नेताहरुले बीआरआई परियोजनाको कार्यान्वयनको लागि नेपालले सम्झौता नगरे चीनलाई चिढाउने खालको सन्देश प्रवाह हुने तर्क दिने दिएका छन्।

२०७३ साल फागुन २० गते काठमाडौंमा अन्तराष्ट्रिय लगानी सम्मेलन भएको थियो। सो सम्मेलनमा सवैभन्दा बढी चीनले ८ खर्ब ३० अर्बको नेपालमा लगानी गर्ने प्रतिबद्धता प्रकट गरेको थियो। भारत, जापान, बेलायत, बङ्गलादेशलगायतका देशले प्रतिबद्धता जनाएका थिए। त्यो बेलामा चिनियाँ कम्पनीले मेसिनरी इन्जिनीयरिङ कम्पनीले जलविद्युत, मेट्रो र अस्पतालमा तीन खर्बको लगानी, चाइना स्टेट कन्स्ट्रक्सन एण्ड इन्जिनीयरिङ कम्पनीले विमानस्थल, सुरुङ र राजमार्ग निर्माणमा दुई खर्बभन्दा बढी रकमको लगानी र चीनको सिटिसिइ समूहले पनि सुरुङमार्ग, रेल, जलविद्युतजस्ता परियोजनाका एक खर्बभन्दा बढी लगानीको लागि प्रतिबद्धता जनाएको थियो। भारतलाई उछिनेर चीनले नेपालमा ठूलो लगानी गर्न लागेको भनेर चीनले खुव वाहवाही पाएको थियो। त्यो लगानीको वाहवाहीको चर्चा 'हात्ती आयो हात्ती फुस्सा' मा चरितार्थ भयो। लगानी भाषणमै सीमित रह्यो। यहाँसम्म कि २०७२ सालमा केपि ओली प्रधानमन्त्री हुँदा चिनियाँ बैङ्क नेपालमा खोल्ने सहमति भएको थियो। तर, नौं बर्ष हुन लाग्दा अहिलेसम्म न कुनै लगानी भित्रिएको छ न कुनै बैङ्कले कुनै शाखा खोलेको छ। अनि, त्यस्ता सम्झौता किन गर्ने ?

### बीआरआई परियोजनामा चीनको भित्रि उद्धेश्य

चीनको बीआरआई परियोजनाको मुख्य उद्देश्य चीनलाई अरब सागरसँग जोडनु हो। चीनको झिङ्जियाङ्ग उइधुर स्वायत्त क्षेत्रको काशगर बाट शुरु भई पाकिस्तानको बलूचिस्तानको ग्वादर बन्दरगाहसम्म फैलिएको छ। सडक सञ्जालसँग जोडिएपछि व्यापारमा बृद्धि र आर्थिक विकासलाई प्रोत्साहित गरी भूमि र समुद्री नेटवर्कको माध्यमबाट एशिया, अफ्रिका र युरोपसँग जोड्न चाहन्छ। चीनले सो परियोजनाअन्तर्गत १५० भन्दा बढी मुलुकसँग सम्झौता गरी एक ट्रिलियन अमेरिकी डालरभन्दा बढी बढी ऋण प्रवाह गरेको छ। धेरै विशेषज्ञले चीनले 'डेब्ट ट्र्याप पोलिसी'को नीति अपनाएको भन्छन्। डेब्ट ट्र्याप पोलिसी भनेको, एक किसिमले ऋण यात्रा हो। कुनै व्यक्ति ऋण लिएपछि सो ऋण चुक्ता गर्न नसकेको अवस्था अर्को नयाँ ऋण लिएर पुरानो ऋण चुक्ता गर्न खोज्छन्। त्यसपछि, त्यो पहिलो ऋण पूर्णरुपमा चुक्ता हुन नसकेको खण्डमा नयाँ र पुरानो ऋणको पनि ब्याँज बढ्दै जान्छ। त्यसपछि, व्यक्ति ऋणको चक्रब्यूँहमा पर्छ। व्यक्तिजस्तै देश सोही किसिमको ऋणको चक्रब्यूँहमा फस्छन्। उदाहरणको लागि श्रीलङ्का र पाकिस्तानलगायत केही अफ्रीकी मुलुकहरु ऋण चुक्ताको लागि नयाँ ऋण लिएकाले चक्रब्यूँहमा फस्दै गएका छन्। उदाहरणको लागि सन् २०१७ मा श्रीलङ्का हम्बनटोटा परियोजनाको ऋणमा डुबेर तिर्न नसकेपछि चीनले ९९ बर्षका लागि करारमा लिएको हो। श्रीलङ्काजस्तै अर्जेन्टिना, केन्या, मलेसिया, मोन्टेग्रो, पाकिस्तान र तान्जानियालगायतका देशहरु छन्। ति मुलुकहरुमा आन्तरिक र बाह्य ऋणपनि रहेकाले आर्थिक सङ्कटमा पर्दा चीनलाई ऋण उठाउन मुश्किल भएको छ।

बीआरआईमार्फत ऋण लिएर दीर्घकालीन योजना शुरु भयो। केही कारणवश, चीनले दिँदै आएको ऋण अप्रत्यासित रुपमा रोक्यो भने ति विकासोन्मुख मुलुक झन डुब्ने अवस्थामा पुग्नेछ। किनभने, ति योजनामा अन्य कुनै मुलुकले हत्तपत्त लगानी गर्दैन। कुनैपनि देशसँग ऋण लिँदा पारदर्शी हुनुपर्छ। तर, चीनले ऋण सम्झौता गर्दा कुनकुन बुँदाहरु गोप्य राख्नुपर्ने भनेर सम्झौंतापत्रमैं उल्लेख गरेको हुन्छ। सन् १९७० मा हवार्डका अर्थशास्त्री रेमण्ड भनृनले पश्चिमा देशले विकासोन्मुख देशलाई ऋृणको लागि सहमति गर्दा आफ्नो हात माथि पार्ने गरेको बताएका थिए। त्यस्तै, नीति चीनले पनि अपनाएका हुन्। चीनको बीआरआई परियोजनाको मुख्य उद्देश्यमा चीनियाँ कम्पनीलाई उत्थान गर्नुपनि हो। सो योजनामार्फत चीनकै ठीकेदार कम्पनीहरु निर्माण गर्छन्। त्यसमा अधिकांस प्राविधिक चीनकै हुन्छ। चीनको लगानी, चीनको प्राविधिक, चीनका कम्पनी र चीनकै औंजार एवम् चीनकैं मेशिनरी गाडी र सामानहरुको खपत हुने गर्छ। चीनको गज्जवको रणनीति छ। घुमिफिरी रुम्जाटारजस्तै छ।

### प्रधानमन्त्रीको भारत भ्रमण

नेपालमा प्रधानमन्त्री नियुक्त भएपछि प्रायः पहिलो भ्रमण भारत हुने गरेको छ। त्यो केपि ओली प्रधानमन्त्री नियुक्त भएको चार महिनापछि यतिखेर, चीन जाँदै छन्। पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले प्रधानमन्त्री ओलीले चीन भ्रमण 'चाइना कार्ड'को रुपमा प्रयोग गरेको भनेर केही दिनअघि आरोप लगाएका थिए। तर, स्वयं प्रचण्ड २०६५ सालमा पहिलोपल्ट प्रधानमन्त्री बनेपछि पहिलो भ्रमण चीन गरेको थियो।

नेपालमा राणाशासनको अन्त्यपछि २००७ सालमा राणा र काँग्रेस सम्मिलित सरकारको प्रधानमन्त्री मोहन शमशेर प्रधानमन्त्रीको रुपमा पहिलोपटक भारत भ्रमण गरेको थियो। त्यसपछि, २००८देखि २०१५ सालको अवधिमा मातृकाप्रसाद कोइराला, टङ्कप्रसाद आचार्य, विपी कोइराला प्रधानमन्त्री बनेपछि पहिलो भ्रमण भारतमैं गरेका थिए। २०१४ साउन ११मा प्रधानमन्त्री बनेका कुँवर इन्द्रजित सिँह, २०१५ साल जेठ २ गते मन्त्रिपरिषदका अध्यक्ष (प्रधानमन्त्री) बनेका सुवर्ण शमशेरले भारत भ्रमण गरेको थिएन्। यद्यपि, उनी एक बर्ष प्रधानमन्त्री पदमा आसिन थिए। सिँह मात्र चार महिना पदमा थिए। २०४३ सालमा प्रधानमन्त्री बनेका मरिचमान सिँहपनि भारत भ्रमण गरेन्। नेपालमा पुनः प्रजातन्त्रको स्थापनापछि कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइरालाका साथै प्रायः सवै प्रधानमन्त्रीहरु पहिलो विदेश यात्रा भारतबाट नै शुरु गरेका थिए। अर्कोतर्फ भारत भ्रमण नगर्ने प्रधानमन्त्रीमा झनाथ खनाल पनि हुन। उनलाई पनि भारतले निम्तो दिएको थिएन्।

२०४६ सालको परिवर्तनपछि प्रायः सवै प्रधानमन्त्रीको विदेश भ्रमणको पहिलो रोजाई भारतनै रह्यो। संविधानसभाको निर्वाचनपछि सुशील कोइराला प्रधानमन्त्री नियुक्त भएपछि भारत भ्रमण गरेको थिएन्। यद्यपि, सन् २०१४मा नरेन्द्र मोदी प्रधानमन्त्री पदको शपथग्रहण समारोहमा कोइराला दिल्ली पुगेका थिए।

नेपाल र भारतबीच पौंराणिक सम्बन्ध छ। भारत प्रमुख व्यापार साझेदार मुलुक हुनुका साथै नेपाल र भारतबीच राजनीतिक स्वार्थपनि जोडिएको कारण नेपाल प्रधानमन्त्रीको पहिलो विदेश यात्रा भारत हुने गरिएको देखिन्छ। अर्कोतर्फ, भारतसँग व्यक्तिगत सम्बन्धलाई राम्रो बनाउने उद्देश्य राखेर पनि विदेश भ्रमणको पहिलो रोजाई हुने गरिएको हो।

भारत सरकारले केपि ओलीलाई भारत भ्रमणको निम्तो प्राप्त नभएको विषयलाई व्यापक रुपमा राजनीतिकरण गरिएको छ। नेपालमा ६ महिना नवित्दै प्रधानमन्त्री फेरिन्छ। प्रधानमन्त्रीको भ्रमण त्यति सामान्य हुँदैन्। दुवै देशलाई व्यवस्था मिलाउनुपर्ने हुन्छ।

प्रधानमन्त्रीको भ्रमणलाई प्रतिष्ठाको विषय बनाउनुभन्दा मुलुकको हितको लागि भ्रमण हुनु पर्दछ। 'इतिश्री'

> धेरै विशेषज्ञले चीनले "डेब्ट ट्र्याप पोलिसी"को नीति अपनाएको भन्छन्। डेब्ट ट्र्याप पोलिसी भनेको, एक किसिमले ऋण यात्रा हो। कुनै व्यक्ति ऋण लिएपछि सो ऋण चुक्ता गर्न नसकेको अवस्था अर्को नयाँ ऋण लिएर पुरानो ऋण चुक्ता गर्न खोज्छन्। त्यसपछि, त्यो पहिलो ऋण पूर्णरुपमा चुक्ता हुन नसकेको खण्डमा नयाँ र पुरानो ऋणको पनि ब्याँज बढ्दै जान्छ। त्यसपछि, व्यक्ति ऋणको चक्रब्यूँहमा पर्छ। व्यक्तिजस्तै देश सोही किसिमको ऋणको चक्रब्यूँहमा फस्छन्।

# एनपिएल : व्यावसायिकताको कसीमा नेपाली खेलाडी



धर्मेन्द्र झा

नेपालमा पहिलो पटक आयोजना भएको नेपाल प्रिमियर लिग (एनपिएल) को उद्धाटन खेल मा जनकपुर बोल्टले जितेको छ। विश्वव्यापी रुपमा चर्चा बटुलेको एनपिएलको आयोजना हुँदै गर्दा निश्चय पनि नेपाली क्रिकेटका पहिलो र दोस्रो पुस्ताका खेलाडी र क्रिकेट व्यवस्थापकहरुले खुसी मान्दै सन्तोषको श्वास लिएको हुनुपर्छ। नेपाली क्रिकेटका सम्बन्धमा उनीहरुले देखेको सपना एनपिएल मार्फत पूरा हुने देखिएको छ। यसको महत्व खेलमा मात्र सीमित छैन बरु नेपाली पर्यटन, नेपाली समाज र समग्रमा नेपाली अर्थतन्त्रका बारेमा विश्वले नया ढङ्गले सोच्न बाध्यात्मक अवस्थाको समेत निर्माण गरेको छ। यस सन्दर्भमा प्रधानमन्त्री केपी शर्मा ओलीले व्यक्त गर्नुभएको उद्‌गार महत्त्वपूर्ण छन्।

प्रधानमन्त्री ओलीले ट्रफी सार्वजनिक गर्दै एनपिएलले नेपालको पर्यटन प्रवर्द्धन र युवा प्रतिभालाई उजागर गर्ने धारणा राख्नुभएको थियो। एनपिएलबाट लुकेर बसेका युवा प्रतिभालाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्न प्रत्यक्ष सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभएको थियो। एनपिएल क्रिकेटको मात्र नभएर नेपाली खेलकुदको कोशेढुङ्गा बन्ने उहाँको बुझाइ छ। यसले नेपाली खेलाडीका लागी व्यावसायिक ढोका समेत खोलेको छ।

सरकारले एनपिएललाई सक्दो सहयोग र प्रोत्साहन गर्ने घोषणा गरेको छ। यसबाट के बुझिन्छ भने राज्यले नेपाली खेलकुदलाई विगतमा जे जसरी लिएको थियो त्यसमा परिवर्तन आएको छ। अर्थात् अब नेपाली खेलकुदलाई सरकारको पूर्ण समर्थन र साथ रहने देखिन्छ। सरकार खेलाडीको साथमा छ। र उनीहरुसँगै होस्टेमा हैंसे गर्न चाहन्छ। सरकारको साथ पाउने कुराले क्रिकेट खेलाडी र यसका लगानीकर्ता हौसिएका छन्। एनपिएलमा साझेदार रहेका सरकारी तथा नीजि क्षेत्र उत्साहित छन्। एनपिएलमा नीजि क्षेत्रले गच्छेअनुसारको साथ दिएको छ। अगामी दिनमा पनि उनीहरु क्रिकेटलाई मात्र होइन् समग्र नेपाली खेलकुदको विकासमा मद्दत गर्न तयार छन्।

क्रिकेट अबको पुस्ताको सपना र गौरवको विषय हो। एनपिएलका माध्यमबाट नेपाली क्रिकेटमा नयाँ आयाम थपिएको छ। एनपिएलले नेपाली खेलाडीका लागि व्यावसायिक ढोका खोलेको छ। हिजोसम्म खेलाडीले घरको लगानीमा खेल्दै आएका थिए। पारिश्रमिक पाउने त टाढाको कुरा उनीहरुलाई खेल सामग्रीको अभावले पनि सधैं पिरोल्ने गरेको थियो। क्रिकेट खेल्न ब्याट अभाव हुँदा उनीहरु गाउँघर मा दाउराको ब्याट बनाएर खेल्ने गर्दथे। बल किन्ने पैसो नहुँदा मोजाको डल्लो बनाएर खेलेको इतिहास हाम्रै अघिल्तिर छ। क्रिकेटको पहिलो र दोस्रो पुस्ता यो अवस्थासँग परिचित छ। हिजोको अवस्थामा अहिले निकै परिवर्तन आएको छ। एनपिएलले नेपालको क्रिकेट खेलाडीका आर्थिक अवस्थामा सुधार ल्याउने पक्कापक्की छ। सुरुआतमै एनपिएलमा सहभागी खेलाडीले राम्रो पारिश्रमिक पाउनुले पनि यो कुराले पुष्टि गर्दछ। प्रत्येक टोलीका मार्की खेलाडीले एक पटकका लागि रु २० लाख पाउने भएका छन्। तीन वर्षका लागि उनीहरुले रु ६० लाख पाउने निश्चित भएको छ। एनपिएलले खेलाडीका लागि विदेशमा बढीभन्दा बढी पारिश्रमिकमा विदेशी लिग खेल्ने वातावरण बनाउने अवसर मिल्ने छ। एनपिएलको प्रदर्शनबाट नेपाली क्रिकेट खेलाडीलाई विदेशी लिग खेल्न मद्दत पुग्ने विश्वास गरिएको छ।

एनपिएल नेपालको क्रिकेटलाई विश्वमा चिनाउने माध्यम बनेको छ। यसले नाम मात्रका लागि होइन साँच्चिकै विश्वको ध्यान तान्ने छ। एनपिएलका कारण नेपालको खेल पर्यटनलाई मद्दत पुग्ने छ। सारा विश्वले नेपालको क्रिकेटबारे जान्ने बुझ्ने अवसर प्रदान प्राप्त गर्नेछन्। एनपिएलको सफल आयोजनाले नेपाली भूमि अरु देशका झैं ठुल्ठुला लिग तथा प्रतियोगिता खेल्ने भूमि बन्ने छ। अरु देशले पनि नेपालमा प्रतियोगिता आयोजना गराउन सक्नेछन्।

एनपिएलको ट्रफीमा सगरमाथा आधारशिविर कालापत्थर बाट ल्याइएको ढुंगा राखिएको छ। पर्वतारोही निमा शेर्पा र मिङ्मा शेर्पाले कालापत्थरबाट उक्त ढुंगा ल्याउनुभएको हो। प्राकृतिक सम्पदा संरक्षण र पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउन ट्रफीमा उक्त ढुंगा राखिएको आयोजकको भनाइ छ। निश्चितरुपमा ट्रफीका माध्यमबाट पनि यसको विश्वभर सकारात्मक सन्देश जाने छ। सारा विश्व जलवायु परिवर्तनको चपेटामा छ। यसबाट नेपाल झन् धेरै प्रभावित बनेको छ। सगरमाथा आधारशिविरको ढुंगा एनपिएलको ट्रफीमा राखिनुले अझ खास महत्त्व राख्ने छ। यसले खेलका माध्यमबाट जलवायु परिवर्तनबाट परेको असरबारे नेपाल कति चिन्तित र संवेदनशील छ भन्ने सन्देश दिन पुगको छ। यसले हिउँ पग्लिएर काला चट्टान हुँदै गरेको अवस्थालाई विश्वसामु उजागर गर्ने छ।

एनपिएलले विदेशी खेलाडीसितको सम्बन्ध बढाएको छ। उनीहरुसित यहाँका खेलाडी राम्रोसँग घुलमिल गर्न पाउने छन्। एकसाथ खेल्दा विश्वमै चिनिएका ती खेलाडीको खेल नजिकबाट नियाल्ने र बुझ्ने मौका मिल्ने छ। यसपटक एनपिएलले सारा विश्वको ध्यान आकर्षित गरेको छ। एनपिएलमा विश्वभरबाट आएका ४० विदेशी खेलाडीको सहभागिता अझ विशेष बनेको छ। यसबाट नेपालको क्रिकेटबारे विश्वभर सकारात्मक सन्देश गएको छ। एनपिएलमा सहभागी आठवटै क्लबले विदेशी खेलाडी अनुबन्ध गरेका छन्। आयोजक नेपाल क्रिकेट सङ्घ (क्यान)ले पहिलो संस्करणका लागि एउटा टोलीले ६ विदेशी खेलाडी अनुबन्ध गर्न पाउने नियम बनाएको छ।

एनपिएलले विश्वका अरु देशका ठूला ठूला लिग प्रतियोगिता खेल्ने अवसर सृजना गर्ने छ। एनपिएलमा गरेको प्रदर्शनकै कारण नेपाली खेलाडी विदेशका चल्तिका लिगमा स्थान बनाउन सक्ने अवस्था देखिएको छ। आइपिएलपछिको दोस्रो ठूलो लिगका रुपमा एनपिएललाई हेरिएको छ। त्यसैले विश्वको ध्यान यतातर्फ गएको छ।

सरकारी तथा नीजि क्षेत्रले पहिलोपटक नेपाली खेलकुदमा यतिधेरै लगानी गरेको छ। राज्यले नेपालको खेलकुदमा पर्याप्त लगानी गर्न सकेको छैन। एनपिएलका माध्यमबाट सरकारी तथा नीजि क्षेत्रको यतिधेरै ध्यान पहिलो पटक गएको छ। खासमा क्रिकेट खेलाडी मात्र होइन, सारा नेपाली खेलाडी घरको लगानीको भरमा खेलमा समर्पित भएको अवस्था छ। घरपरिवारको साथले मात्र उनीहरु विश्वसँग प्रतिस्पर्धा गर्न सक्दैनन्। यसका लागि उनीहरुलाई सरकारी तथा नीजि क्षेत्रको पर्याप्त साथको आवश्यकता छ। खेलकुद स्वयम् खेलाडी र उनीहरुका अभिभावकका भरमा छाड्ने हो भने केवल सहभागितामा मात्र सीमित बन्ने छ।

केही वर्षअघिसम्म नेपालका खेलकुद प्रतियोगिता प्रत्यक्षरुपमा हेर्न असम्भव जस्तै थियो। यसका लागि प्रतियोगिता स्थल सम्मै पुग्नुबाहेक अन्य विकल्प थिएन। नेपाली खेलकुदका समर्थक तथा प्रशंसकले विश्वको जुनसुकै कुनाबाट पनि एनपिएल प्रत्यक्षरुपमा हेर्न सक्नेछन्। चर्चित स्पोर्टस् टेलिभिजन 'स्टार स्पोर्टस'ले प्रतियोगिताका सबै ३२ खेलको प्रत्यक्ष प्रसारण गर्दैछ। नेपालमा पहिलोपटक आजदेखि सुरु हुनगइरहेको नेपाल प्रिमियर लिग भारतीय घरेलु क्रिकेट लिग इन्डियन प्रिमियर लिग (आइपिएल) कै ढाँचामा सुरु हुन लागेको छ। एनपिएल नेपाली क्रिकेटका लागि चुनौती र अवसर दुवै हो। नेपालमा विगतमा पनि एभरेस्ट प्रिमियर लिग, धनगढी प्रिमियर लिग, पोखरा प्रिमियर लिग, नेपाल टी २० लिगलगायतका फ्रेन्चाइज प्रतियोगिता आयोजना गरिएका थिए। तर पहिलो संस्करणको एनपिएलभने हालसम्मकै ठूलो प्रतियोगिता हो। खेलाडीहरूका लागि एनपिएलले विशेष महत्त्व राखेको छ। खेलाडी आर्थिक रुपमा पनि बलिया भएका छन्। उनीहरु कम्तीमा रु दुई लाखदेखि बढीमा रु २० लाखसम्ममा अनुबन्धित भएका छन्।

फ्रेन्चाइज टोलीले रु सात करोडदेखि रु नौ करोडसम्म खर्च गरेका छन्। टोलीका मालिकहरूले यसलाई नेपाली क्रिकेट विकासको सुरुआती लगानीका रूपमा लिएका छन्। उनीहरुले आगामी दिनमा समेत लगानीलाई निरन्तरता दिने सोच बनाएका छन्। क्यानले यसपटकको एनपिएललाई लगानी वर्षको रूपमा लिएको छ। एनपिएलका माध्यमबाट कीर्तिपुर क्रिकेट मैदानको स्तरोन्नति भएको छ। डिजिटल स्कोर बोर्ड निर्माण गरिएको छ। दर्शकका लागि अस्थायी प्याराफिटको व्यवस्था गरिएको छ।

विदेशी खेलाडी अनुबन्धले एनपिएललाई अझ खास बनाएको छ। उनीहरुको सहभागिताले नेपाली क्रिकेटको विकासमा थप मद्दत पुगेको छ। क्यानका अध्यक्ष चतुरबहादुर चन्दले भने जस्तै एनपिएलले ठूलो उचाइ लिने विश्वास गरिएको छ। एसोसिएट देशमा गरिएको यो लिगलाई विश्वभर विशेष रुपमा हेरिएको छ। केही एसोसिएट देशले यस्ता लिगहरु आयोजना गर्दै आए पनि सफल हुन सकिरहेका छैनन्। यस्तोमा नेपालको एनपिएल पनि चुनौतीपूर्ण बनेको छ। एनपिएलले आगामी दिनमा गति लिनेमा क्यान अध्यक्ष चन्द विश्वस्त हुनुहुन्छ। एनपिएलमा सबै प्रदेशको प्रतिनिधित्वले अझ धेरै महत्व राखेको छ।

# स्थानीय तह उपनिर्वाचनः सम्पूर्ण तयारी पूरा




काठमाण्डु । स्थानीय तहका रिक्त विभिन्न ४१ पदका लागि आइतबार मतदान हुँदैछ । निर्वाचन आयोगले उपनिर्वाचनको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ ।निर्वाचन हुने सम्बन्धित स्थानीय तहमा स्थापना गरिएका मतदान केन्द्रमा आइतबार बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुनेछ । नगरपालिका प्रमुख एक, उपप्रमुख एक, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार र वडाध्यक्ष ३३ गरी ४१ पदका लागि उपनिर्वाचन हुन लागेको हो ।

उपनिर्वाचन हुने सम्बन्धित स्थानीय तहमा सम्पूर्ण तयारी पूरा भएको निर्वाचन आयोगका सहसचिव नीता पोखेल अर्यालले राससलाई जानकारी दिनुभयो । गर्भवती, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बिरामी, किरियापुत्री, सुत्केरी तथा अन्य (लैङ्गिक तथा यौनिक अल्पसंख्यक) मतदातालाई प्राथमिकताका आधारमा मतदान गर्ने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो ।

आयोगका प्रवक्तासमेत रहनुभएकी अर्यालका अनुसार मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आयोगबाट जारी भएका मतदाता परिचयपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, स्थायी लेखा नम्बर परिचयपत्र वा सवारी चालक अनुमति पत्रको सक्कल प्रमाणका आधारमा मतदान गर्न पाउनेछन् ।

कीर्तिपुर नगरपालिकाको प्रमुख र जाजरकोटको नलगाड नगरपालिकाको उपप्रमुख, मोरङको ग्रामथान र दैलेखको महाबु गाउँपालिकाका अध्यक्ष, दोलखाको गौरिशङ्कर, रुकुम (पूर्वी भाग) पुथा उत्तर गङ्गा, हुम्लाको सर्केगाड र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका उपाध्यक्ष पदका लागि निर्वाचन हुँदैछ ।

ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका वडा नं ३, झापाको कन्काई नगर पालिका वडा नं ६, तेह्रथुमको लालिगुराँस नगरपालिका वडा नं ८, सुनसरीको गढी गाउँपालिका वडा नं ६, ओखलढुङ्गाको मोलुङ गाउँपालिका वडा नं ५, उदयपुरको त्रियुगा नगरपालिका वडा नं १२ र बेलका नगरपालिका वडा नं ९, सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं १ र ४, धनुषाको धनुषाधाम नगरपालिका वडा नं १, महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं २, रौतहतको ईशनाथ नगरपालिका वडा नं ७, रौतहटका राजपुर नगरपालिका वडा नं ६ र गढीमाई नगरपालिका वडा नं ८ मा निर्वाचन हुनेछ ।

काठमाडौँको काठमाडौँ महानगर पालिका वडा नं १६, कीर्तिपुर नगरपालिका वडा नं १ र ४, नुवाकोटको ककनी गाउँपालिका वडा नं २, मकवानपुरको हेटौँडा उपमहानगरपालिका वडा नं १२, गोरखाको गोरखा नगरपालिका वडा नं ५, गुल्मीको मुसिकोट नगरपालिका वडा नं १, कपिलवस्तुको शुद्धोधन गाउँपालिका वडा नं १, रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नं ४, बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नं ४ र रुकुम (पश्चिम भाग)को सानीभेरी गाउँपालिका वडा नं ५ वडाध्यक्ष पदका लागि निर्वाचन हुँदैछ ।

दैलेखको दुल्लु नगरपालिका वडा नं १३, जाजरकोटको कुसे गाउँपालिका वडा नं ७, कालीकोटको तिलागुफा नगर पालिका वडा नं ४, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नं ५, बझाङको सूर्मा गाउँपालिका वडा नं ४, डोटीको पूर्वीचौकी गाउँपालिका वडा नं ६, दार्चुलाको दुहुँ गाउँपालिका वडा नं ५ र कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नं ६ मा निर्वाचन हुने निर्वाचन आयोगले जनाएको छ ।

निर्वाचनमा तीन सय ७६ उम्मेदवार प्रतिस्पर्धामा हुनुहुन्छ। उपनिर्वाचनमा विभिन्न २० राजनीतिक दल र स्वतन्त्र उम्मेदवारले प्रतिस्पर्धा गर्दै हुनुहुन्छ । यसअघि जिल्ला समन्वय समिति ओलखढुङ्गा र कैलालीका प्रमुखमा क्रमशः नेपाली कांग्रेसका उम्मेदवार टेकराज भट्टराई र टीकाकुमारी चौधरी (भूल) तथा रुकुम (पूर्वी भाग) पुगा उत्तरगङ्गा गाउँपालिका वडा नं २ मा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का जगत घर्ती निर्विरोध निर्वाचित भइसक्नुभएको छ । उपनिर्वाचनका लागि मङ्सिर २ गते उम्मेदवारी दर्ता भएको थियो ।

**मत परिणाम वेबसाइटमै**

मतदान कार्य सम्पन्न भई सबै मतपेटिका तोकिएको मतगणनास्थलमा सङ्कलन भएपछि मतगणना कार्य प्रारम्भ हुनेछ । मतगणनाको अद्यावधिक परिणाम आयोगको बेवसाइट धधधाचभकगतिा भभिअतष्यलानयखालउ मा हेर्न सकिने आयोगले जनाएको छ ।

आयोगले मतदाता नामावलीमा नाम भएका सम्बन्धित निर्वाचन क्षेत्रका सम्पूर्ण मतदाताले आफूलाई मन परेको उम्मेदवारलाई मतदान गरी आफ्नो मताधिकारको प्रयोग गर्न आह्वान गरेको छ । मतदाताले मतदान केन्द्रमा आफूलाई प्राप्त मतपत्र लिई गोप्य मतदान कक्षमा गएर मन परेको कुनै उम्मेदवारको चिह्न भएको कोठामा स्वस्तिक छापले मत सङ्केत गर्नुपर्छ ।

मतपत्र च्यातिएमा, मतदान अधिकृतको हस्ताक्षर नभएमा, दुई वटा निर्वाचन चिह्न रहेको कोठाको बीचमा पर्ने गरी मत सङ्केत गरेमा, स्वस्तिक छाप नबुझिने गरी लत्पतिएमा, निर्वाचन चिह्न रहेको कोठाभन्दा बाहिर मत सङ्केत गरेमा वा मतपत्रमा स्वस्तिक छाप बाहेक औँठा छाप, हस्ताक्षर आदिले मत सङ्केत गरेमा मत बदर हुने आयोगले जनाएको छ ।

**निर्धक्क भई मतदान गर्न आयोगको आग्रह**

आइतबार हुने स्थानीय तहको उपनिर्वाचनको सम्पूर्ण तयारी पूरा भएको छ । निर्वाचन आयोगले आइतबार बिहान ७ देखि साँझ ५ बजेसम्म मतदान हुने र निर्वाचन हुने वडामा मतदाता नामावलीमा आफ्नो नाम समावेश भएको मतदान केन्द्रमा उपस्थित भई रोजेको उम्मेदवारको निर्वाचन चिन्हमा निर्धक्क भई मतदान गर्न सम्पूर्ण मतदातालाई आग्रह गरेको छ ।

मतदातालाई मताधिकारको उपयोग गर्न सहजता प्रदान गर्ने अभिप्रायले मतदाता परिचयपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, स्थायी लेखा नम्बरको परिचयपत्र वा सवारी चालक अनुमतिपत्रको सक्कल प्रमाणपत्रका आधारमा मतदान गर्नसक्ने व्यवस्था मिलाइएको आयोगले स्पष्ट पारेको छ तर त्यस्ता मतदाताको आयोगबाट प्रकाशन भएको अन्तिम मतदाता नामावलीमा नाम भने समावेश भएको हुनुपर्नेछ ।

निर्वाचन सुरक्षामा असर नपर्नेगरी मतदाताको सहजताका लागि मतदानस्थलको निश्चित क्षेत्रबाहेक यातायात सञ्चालनको उपयुक्त प्रबन्ध गर्न गृह मन्त्रालयमार्फत सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई निर्देशन भइसकेको आयोगको भनाइ छ । मतदान हुने सम्बन्धित स्थानीय तह र वडामा सार्वजनिक बिदाका लागि आयोगले सम्बन्धित निकायलाई यसअघि नै अनुरोध गरिसकेको छ ।

मतदान कार्य सञ्चालन गर्न खटिएका मतदान अधिकृत र कर्मचारीलाई आफ्नो कर्तव्यपालन गर्न, मतदातालाई भयमुक्त वातावरणमा मतदान गर्ने व्यवस्था मिलाउन अनुरोध गरेको आयोगका सहसचिव एवम् प्रवक्ता नीता पोखरेल अर्यालले बताउनुभयो। आयोगले मतदान केन्द्रमा शान्त र सहिष्णु वातावरण कायम राख्दै मतदान कार्यलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्ने/गराउने कार्यमा सबै राजनीतिक दल, मतदाता, उम्मेदवार, सञ्चारकर्मी, पर्यवेक्षकलगायत सबै सरोकारवालासँग सहयोगको अपेक्षा गरेको छ ।

आयोगले मतदानमा अवाञ्छनीय प्रभाव पार्ने वा पार्न प्रयत्न गर्ने कार्य भए गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गरी मतदान कार्यलाई निर्बाध रूपमा सम्पन्न गर्न सम्बद्ध निकायहरूलाई निर्देशनसमेत दिएको छ ।रासस

# प्रधानमन्त्री ओलीको भ्रमणबाट नेपाल-चीन सम्बन्ध नयाँ उचाइमा पुग्ने अपेक्षा



काठमाण्डु । चिनियाँ समकक्षी ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा प्रधानमन्त्री केपी शर्मा ओलीबाट यही मङ्सिर १७ देखि २० गतेसम्म हुने चीनको औपचारिक भ्रमणको तयारी तीव्र गतिमा जारी छ ।

प्रधानमन्त्रीको यो भ्रमणले नेपाल र चीनबीच सरकारी र जनस्तरमा विद्यमान सुमधुर सम्बन्ध नयाँ उचाइमा पुग्ने अपेक्षा दुवै देशका नागरिकले गरेका छन् । भ्रमणको पूर्वसन्ध्यामा सत्ता साझेदार नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली काङ्ग्रेसका शीर्ष दल र संयन्त्रस्तरमा विभिन्न चरणमा 'बेल्ट एण्ड रोड इनिसियटिभ' (बिआरआई) लगायत दुई मुलुकका सहयोग र सहकार्यका सम्भावित विषयमा घनीभूत छलफल भएको छ ।

चीन भ्रमणमा केन्द्रित रहेर प्रधानमन्त्री एवं एमाले अध्यक्ष ओली र काङ्ग्रेस सभापति शेरबहादुर देउवासहित नेताहरुबीच छलफल भएको छ । शनिबारै प्रधानमन्त्री ओलीको उपस्थितिमा प्रधानमन्त्री नेतृत्वको प्रतिनिधिमण्डलका सदस्यहरुसँग पनि विमर्श भएको छ । त्यस क्रममा प्रधानमन्त्रीले दुई देशबीचको सम्बन्धलाई अझ सुमधुर बनाउने भ्रमणको मूल उद्देश्य भएकाले त्यसलाई पूरा गर्न सबैले आफ्नो स्थानबाट सक्रिय भूमिका निर्वाह गर्न निर्देशन दिनुभयो ।

"हाम्रो चीन भ्रमण सफल हुनेछ । हामी त्यसकै निम्ति भगीरथ प्रयास गर्छौं ।", प्रधानमन्त्री ओलीले भन्नुभयो, "राष्ट्रको गरिमा बढाउन र दुई देशबीचको मैत्रिपूर्ण सम्बन्धलाई अझ सुदृढ बनाउनेमा हाम्रो ध्यान केन्द्रित हुनेछ ।"

परराष्ट्र मन्त्रालयका कायममुकायम सचिव अमृतबहादुर राई, शिष्टाचार महापाल विष्णुप्रसाद गौतम र उक्त मन्त्रालयका प्रवक्ता एवं उत्तरपूर्वी एसिया महाशाखा प्रमुख कृष्णप्रसाद ढकालले क्रमशः दुई पक्षीय सम्बन्धका समग्र पक्षका साथै कूटनीतिक व्यवहार, शिष्टाचार एवं समारोह र बिआरआई फ्रेमवर्क' बारे जानकारी दिनुभएको थियो । प्रवक्ता ढकालले सम्पर्क सञ्जाल विस्तार, लगानी, व्यापार, पर्यटन, कृषि र पूर्वाधार विकासलगायत क्षेत्रमा सहयोग र सहकार्यका विषयमा चिनियाँ पक्षसँग घनीभूत छलफल हुने बताउनुभयो ।

प्रधानमन्त्री ओलीले चीन भ्रमणको तयारीका क्रममा यही मङ्सिर १० गते पूर्वप्रधानमन्त्रीहरु र पूर्वपरराष्ट्रमन्त्रीहरुसँग छलफल गर्नुभएको थियो । यही मङ्सिर १३ गतेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्रीको चीन भ्रमण र त्यसमा सम्मिलित प्रमण्डल स्वीकृत गरेको हो । भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले चीनका राष्ट्रपति सी चिनफिङसँग बेइजिङमा शिष्टाचार भेट गर्नुहुने कार्यक्रम छभने आफ्ना चिनियाँ समकक्षी लीसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नुहुनेछ ।

प्रधानमन्त्री ओलीसँग चीनको राष्ट्रिय जनकांग्रेसका स्थायी समितिका अध्यक्ष झाओ लेजीले पनि भेटवार्ता गर्ने कार्यक्रम छ। उहाँले पेकिङ विश्वविद्यालयमा आयोजना हुने कार्यक्रमलाई सम्बोधन गर्नुहुने कार्यक्रम छभने बेइजिङस्थित नेपाली राजदूतावास चाइना काउन्सिल फर द प्रमोशन अफ इन्टरनेसनल ट्रेड र नेपाल उद्योग वाणिज्य महासङ्घको संयुक्त आयोजनामा हुने नेपाल-चीन व्यापार मञ्चलाई सम्बोधन गर्ने कार्यक्रम छ ।

प्रतिनिधिमण्डलमा प्रधानमन्त्रीपत्नी राधिका शाक्य परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडा, सङ्घीय संसद्का सदस्यलगायत रहनुहुनेछ ।रासस

# बिआरआई अन्तर्गत अनुदान उपयुक्त हुने




कास्की । उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) अन्तर्गत अनुदान नै उपयुक्त हुने विचार व्यक्त गर्नुभएको छ ।

नेपाल प्रेस युनियन कास्कीले शनिबार पोखरामा आयोजना गरेको पत्रकार भेटमा उपप्रधानमन्त्री सिंहले बिआरआई परियोजनाअन्तर्गत सडक, सुरुङलगायत भौतिक पूर्वाधारका क्षेत्र छनोट गरिनुपर्नेमा जोड दिनुभयो । "वर्तमान आर्थिक अवस्थाका कारण ऋणका लागि ऋण लिनु उपयुक्त नहुने देखिन्छ ।

परियोजना सम्पन्न हुन समय लाग्ने र पछि सरकारलाई ऋण तिर्न गाह्रो हुने भएकाले अनुदान लिनु उपयुक्त हुन्छ", उहाँले भन्नुभयो ।

मुलुकमा स्थायित्व कायम गर्न, आर्थिक समृद्धि हासिल गर्न र जनताका भावनाअनुरूप काम गर्न संसद्का दुई ठूला दल मिलेर वर्तमान सरकार गठन भएको बताउँदै उहाँले सहमति र सहकार्यका आधारमा सरकार अघि बढिरहेको उल्लेख गर्नुभयो ।

सरकारले सहकारीसहित अन्य अनियमितताको कानुनअनुसार अनुसन्धान अघि बढाएको उपप्रधानमन्त्री सिंहले बताउनुभयो ।

उहाँले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्न सरकार प्रयासरत छ भन्नुभयो ।रासस

# नेपालको राष्ट्रिय हितलाई प्राथमिकतामा राखेर सरकार अघि बढ्छ : मन्त्री अधिकारी



काठमाण्डु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले नेपालको राष्ट्रिय हितलाई उच्च प्राथमिकतामा राखेर वर्तमान सरकार अघि बढ्न स्पष्ट पार्नुभएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमणको सन्दर्भमा नेपाल-चीन हिमालयन मैत्री समाज र ट्रान्सहिमालयन अनुसन्धान तथा अध्ययन प्रतिष्ठानद्वारा शनिबार आयोजित 'नेपाल-चीन सम्बन्ध : बिआरआई कार्यान्वयन' विषयक अन्तरक्रियामा उहाँले राष्ट्र र जनताको हितविपरित कुनै सम्झौता नहुने बताउनुभयो ।

मुलुकको आर्थिक समृद्धिका लागि आवश्यक परेको अवस्थामा सरकारले ऋण र अनुदान दुवै लिन सक्ने जनाउँदै मन्त्री अधिकारीले अहिले बाहिर सार्वजनिक भए जस्तो 'चीनसँग ऋण नलिने' भन्ने विषय हुँदै नभएको स्पष्ट पार्नुभयो । "सकेसम्म ऋण नलिने भन्ने हो, लिनै परे उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने हो", उहाँले भन्नुभयो ।

नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री मीनेन्द्र रिजालले नेपालले आवश्यकता ठानेका उच्च प्राथमिकतायुक्त परियोजनाका लागि वैदेशिक सहयोग लिनुपर्नेमा जोड दिँदै छिमेकी चीनसँगको सम्बन्धलाई प्रगाढ बनाएर नेपालको विकासका लागि पहल गर्नुपर्ने बताउनुभयो। नेकपा (एमाले)का नेता एवं पूर्वमन्त्री महेन्द्रबहादुर पाण्डेले राष्ट्रिय हितलाई केन्द्रमा राखेर चीनसँग बिआरआई सम्झौता अघि बढाउन उपयुक्त हुने सुझाव दिनुभयो । "मुलुकलाई अहित हुने प्रावधान छन् भने अनुदान वा ऋण दुवै लिन हुँदैन", उहाँले भन्नुभयो, "बिआरआई राष्ट्र हितमा छ भने लिऔँ, छैन भने छाडौँ ।"

एमाले नेता एवं पूर्वमन्त्री आनन्द पोखरेलले राष्ट्रिय सहमति कायम गरेर बिआरआई सम्झौता गर्नु उचित हुने धारणा राख्दै दबाबमा नभई आवश्यकताका आधारमा परियोजना छनोट गर्नुपर्ने बताउनुभयो। "बिआरआई आर्थिक विकास र क्षेत्रीय 'कनेक्टिभिटी' को वृहत अवधारणा हो", उहाँले भन्नुभयो, "बिआरआई सम्झौता गर्नुपर्छ, यो सम्झौता नगरेमा ऐतिहासिक अवसर गुम्नेछ ।"

नेकपा (माओवादी केन्द्र)का नेता हिमाल शर्माले बिआरआई अन्तर्गतका परियोजना छनोट र कार्यान्वयनमा राष्ट्रिय एकता कायम गरेर जानुपर्नेमा जोड दिँदै कार्यान्वयन सम्झौता नगरी अनुदान कि ऋण भनेर वहस गर्नुको अर्थ नभएको बताउनुभयो ।

चीनका लागि पूर्व नेपाली राजदूत लीलामणि पौड्यालले वैदेशिक सम्बन्धका आधारभूत विषयमा राजनीतिक दल र बौद्धिक जगतमा मैतक्य हुनुपर्नेमा जोड दिनुभयो । "बिआरआई सम्झौतामा नेपालको सार्वभौम अधिकारमाथि किञ्चित अप्ठ्यारो पार्ने गरी शब्द, वाक्य र प्रावधान छैनन्", उहाँले भन्नुभयो, "चीनसँग नेपालको सुख, दुःख र विश्वासको सम्बन्ध हो, कुनै हालतमा विश्वसाको सङ्कट टुटाउन हुँदैन ।रासस

# बिआरआई सबै पक्षको सहमतिमा कार्यान्वयन गरिने



काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले चिनियाँ परियोजना बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) सम्बद्ध सबै पक्षको सहमतिमा कार्यान्वयन गरिने बताउनुभएको छ ।

चिनियाँ विदेशमन्त्री वाङ यीको निमन्त्रणामा चीनको औपचारिक भ्रमण सम्पन्न गरी शनिबार स्वदेश फर्किनुभएकी उहाँले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीमाझ भन्नुभयो "बिआरआई परियोजनाको फ्रेमवर्कमा नेपालले सन् २०१७ मा नै हस्ताक्षर गरिसकेको छ। हाल यसको कार्यान्वयन योजनाबारे छलफल जारी छ। यो नेपाल र चीनबीचको सहमति र समझदारीका साथै नेपालमा पनि सबैको साझा सहमतिका आधारमा कार्यान्वयन हुनेछ।"

एक प्रश्नको जवाफमा मन्त्री डा राणाले अहिले नेपाल ऋण लिने अवस्थामा नरहेकाले चीन सरकारसँग यसै विषयमा छलफल भएको बताउनुभयो । उहाँले भन्नुभयो "यो परियोजना अनुदानमा कार्यान्वयन गर्न नेपाली काँग्रेसले औपचारिक निर्णय गरिसकेको छ । यो सत्ता साझेदार दल नेपाल कम्युनिष्ट पार्टी ९एमाले०लाई अवगत छ । अनुदानमा नै यो परियोजना कार्यान्वयन गर्न हामीले छलफलहरु गरिरहेका छौँ ।"

नेपाल र चीनबीच सदियौँदेखि घनिष्ठ एवं सम्बन्ध रहेको र यो मैत्रिपूर्ण सम्बन्धलाई अझ सुदृढ बनाई जनस्तरमा विस्तार गर्न दुई देशबीच समय-समयमा हुने उच्चस्तरीय भ्रमणको आदानप्रदानले महत्वपूर्ण योगदान भएको चर्चा गर्दै उहाँले आफ्नो यो भ्रमण पनि त्यसैको निरन्तरता हो भन्नुभयो । आफ्ना चिनियाँ समकक्षीसँग शुक्रबार भएको भेटवार्ता द्विपक्षीय हितका विविध पक्षका साथै प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमणमा केन्द्रित रहेको उहाँले जानकारी दिनुभयो ।

दुवै देशमा विद्यमान अवसर र सम्भावनाहरूलाई आपसी हितका लागि भरपूर सदुपयोग गर्दै सम्बन्धलाई थप सुमधुर बनाउने विषयमा छलफल भएको उहाँले बताउनुभयो ।

चिनियाँ विदेशमन्त्रीसँग आफूले चीनसँगको व्यापार, पर्यटन, लगानी, अन्तरदेशीय यातायात सञ्जाल र आर्थिक-सामाजिक साझेदारी वृद्धिमा जोड दिएको बताउनुभयो । चिनियाँ पक्षले पनि प्रस्तुत धारणाप्रति सकारात्मक जवाफ दिएको जानकारी परराष्ट्रमन्त्रीले दिनुभयो ।

साथै उहाँले द्विपक्षीय सम्झौता तथा समझदारीहरुलाई तदारुकताका साथ कार्यान्वयन गर्ने सहमति भएको बताउनुभयो ।यो भ्रमणबाट आपसी विश्वास अभिवृद्धि गर्न मद्दत पुगेको परराष्ट्रमन्त्रीले बताउनुभयो ।रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०८/१६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुदा दायर गरी ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : न्यु के के यस रेडिमेड**<br>प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय<br>दर्ता नं. ७७२१/१३०२/०७७/०७८, दर्ता मिति : २०७८/०३/२४, पान नं. ६१५९३७१२२, दर्ता मिति : २०७८/०१/१६<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास वडा नं. १, **प्रोप्राईटर : विष्णु माया सुनुवार सिंह** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : कमल कुमार सिंह**<br>ना.प्र.नं. ३९६९२९३७, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४९/०३/०१<br>बाबुको नाम : राजनारायण सिंह<br>बाजेको नाम : महादेव सिंह<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १ | **२. नाम : विष्णु माया सुनुवार सिंह**<br>ना.प्र.नं. १७-०१-७७-०५७८१, जि.प्र.का. धनुषा<br>जारी मिति : २०७७/०८/१४<br>पतिको नाम : कमल कुमार सिंह<br>ससुराको नाम : राजनारायण सिंह<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १ |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६,
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# थाइल्यान्डमा बाढीका कारण नौ जनाको मृत्यु,हजारौं विस्थापित



एएफपी

बैङ्कक ।दक्षिणी थाइल्यान्डमा भारी वर्षा पछिआएको बाढीले नौ जनाको ज्यान लिनुका साथै १३ हजार भन्दा बढी विस्थापित भएको अधिकारीहरूले शनिबार बताएका छन् । उद्धार टोलीहरूले डुङ्गा लगायतका सामाग्रीको प्रयोग गरेर फसेका बासिन्दाहरूको उद्धार गर्ने प्रयास गरिरहेको उनीहरुले बताएका छन् ।

स्थानीय मिडियाहरुले प्रसारण गरेका फुटेजमा बासिन्दाहरू तथा गाढीहरू बाढीको सडकमा डुबेको देखाइएको छ ।"दक्षिणी थाइल्यान्डका आठ प्रान्तमा आएको बाढीले पाँच लाख ५३ हजार ९२१ घर परिवारलाई प्रभावित गरेको तथा एजेन्सीहरूलाई तत्काल सहायता परिचालन गर्न निर्देशन दिएको देशको विपद् एजेन्सीले आधिकारिक पेज मार्फत जनाएको छ ।

विस्थापितहरुलाई विद्यालय तथा मन्दिरहरूमा अस्थायी आश्रय स्थलहरू स्थापना गरी स्थानान्त्रण गरिएको स्रोतले जनाएको छ । तटीय सो॰ ला प्रान्तकी बासिन्दा नाम्पाले थाई पिबिएसलाई घट्दो खाद्यान्न आपूर्तिको बारेमा चिन्तित रहेको बताउनु भएको छ । नजिकैको पट्टनी प्रान्तका दुई अस्पतालहरूले बाढीले चिकित्सा सुविधाहरूलाई क्षति पुग्ने भएकाले असपतालका सेवा स्थगित गरेका छन् ।

छिमेकी उत्तरी मलेसियामा, वर्षाले यस हप्ता कम्तिमा ८० हजार मानिसहरूलाई अस्थायी आश्रयमा सार्न बाध्य पारेको बताउदै विपद् अधिकारीहरूले कम्तिमा चार जनाको मृत्यु भएको बताएको पुष्टि गरेका छन् । थाई मौसम विभागले आगामी हप्तासम्म देशको दक्षिणका केही क्षेत्रहरूमा भारी वर्षा जारी रहन सक्ने चेतावनी दिएको छ ।सरकारले प्रभावित बासिन्दाहरूलाई सहयोग गर्न उद्धार टोली तैनाथ गरेको छ भने प्रत्येक प्रान्तका लागि बाढी राहतमा १.७ मिलियन डलर तोकिएको छ ।

थाई प्रधानमन्त्री पेतोङ्तार्न सिनावात्राले शुक्रबार सामाजिक सञ्जाल एक्समा "सकेसम्म चाँडो सामान्य स्थिति पुनःस्थापित गर्ने" लक्ष्य रहेको बताउनु भएको छ । वैज्ञानिकहरूले मानव निर्मित जलवायु परि वर्तनले मौसम ढाँचामा परिवर्तन निम्त्याइरहेको जनाउदै यसले विनाशकारी बाढीको सम्भावना बढ्ने बताएका छन् ।

> थाई प्रधानमन्त्री पेतोङ्तार्न सिनावात्राले शुक्रबार सामाजिक सञ्जाल एक्समा "सकेसम्म चाँडो सामान्य स्थिति पुन:स्थापित गर्ने" लक्ष्य रहेको बताउनु भएको छ ।

# सर्वाधिक चर्चाकाबीच 'नेपाल प्रिमियर लिग' क्रिकेट सुरु

काठमाण्डु । राष्ट्रिय तथा अन्तर ाष्ट्रियरुपमा सर्वाधिक चर्चा बटुलेको नेपाल प्रिमियर लिग (एनपिएल) फ्रेन्चाइज क्रिकेट प्रतियोगिता शनिबारदेखि काठमाण्डुमा सुरु भएको छ ।

नेपाल क्रिकेट सङ्घ (क्यान)को आयोजनामा आगामी पुस ६ गतेसम्म सञ्चालन हुने पहिलो संस्करणको उक्त प्रतियोगितामा विभिन्न आठ टोलीको सहभागिता रहेको छ ।

स्वदेशी तथा विश्व चर्चित खेलाडीको आगमनले पनि एनपिएलले बजारमा निकै चर्चा पाएको हो । त्यसो त दुलही भैँ सिङ्गारिएको कीर्तिपुरस्थित त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानको चर्चा पनि उत्तिकै छ । त्रिवि मैदानमा कैयौँ खेल भए तर यसपटक भने आम दर्शकका लागि ' डिजिटल स्कोर बोर्ड' जडान गरिएको छ । यसले खेलाडी टिम र खेलप्रेमी दर्शकलाई त्रिवि मैदानमा ठूलो स्क्रिनमा खेलको स्कोर र अपडेट हेर्न सहज हुनेछ । यही मङ्सिर १२ गते नै टिकट बुक गरिसक्नुभएका इमाडोल निवासी रमण थापाले त्रिवि मैदानमा चर्चित विदेशी खेलाडीको खेल हेर्न आफू निकै आतुर रहेको बताउनुभयो ।

त्यसो त एनपिएलमा विश्वचर्चित स्टार खेलाडीको सहभागिताले पनि प्रतियोगिता थप रोमाञ्चक हुने आशा गरिएको छ । विश्वचर्चित भारतीय खेलाडी शिखर धवनको आमगनले पनि नेपाली क्रिकेट खेलमा थप उत्साह थपिएको हो । भारतका लागि तीनवटै फर्म्याटमा खेलिसकेका स्टार खेलाडी धवन, न्यूजिल्याण्डका मार्टिल गप्टिलजस्ता स्टार खेलाडी पहिलो पटक नेपालमा लिग खेल्न आउँदैछन् । त्यसमा जिम्मी निसम र बेन कटिङ जस्ता टी-२०का स्टार खेलाडीको सहभागिताले पनि एनपिएल निकै चर्चामा आएको हो ।

विश्वचर्चित खेलाडीसँगै एनपिएलमा लगानीकर्ता टोलीले पनि खेलाडीमा खर्च गर्न कुनै कन्जुस्याँई गरेको देखिँदैन । फ्रेन्चाइज टिम किन्नकै लागि करिब रु तीन करोड माथीसम्म खर्च गरेको छ । पोखरा एभेन्जर्सले करिब रु तीन करोड ५७ लाखमा फ्रेन्चाइज किनेको थियो । यस्तै कम खर्च गर्नेले पनि कम्तीमा रु एक करोडभन्दा माथि रकम फ्रेन्चाइज फि तिरेको छ ।





एनपिएलको अर्को आकर्षण भनेको खेलाडीले कार पाउनु पनि हो । नेपाली क्रिकेट इतिहामा खेलाडीले खेलेरै कार पाउने यो पहिलो पटक हुनेछ । क्यानका अनुसार प्रतियोगितामा उत्कृष्ट घोषित हुने एक खेलाडीले एक थान कार पुरस्कार प्राप्त गर्नेछन् ।त्यस्तै क्यानले प्रतियोगिताको विजेता टोलीलाई ठूलै नगद पुरस्कार दिने भनिएता पनि हालसम्म के कति पुरस्कार दिने भन्ने विषयमा खुलाएको छैन ।

शनिबारको उद्घाटनमा खेलमा मधेश प्रदेशको प्रतिनिधित्व गर्ने टोली जनकपुर बोट्ल्सले विराटनगर किङ्सको सामना गरेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको अन्तराष्ट्रिय क्रिकेट मैदानमा हुने उक्त उद्घाटन खेल दिउँसो १२ः१५ बजे सुरु भएको थियो भने विर ाटनगर किंगसलाई आठ विकेटले पराजीत गर्न सफल पनि भएको छ ।

जनकपुरको मार्की खेलाडीका रुपमा नेपाली राष्ट्रिय क्रिकेट टोलीका ओपनर तथा विकेटकिपर आसिफ शेख छन् । त्यस्तै टोलीको कप्तानमा भने राष्ट्रिय क्रिकेट टोलीका अर्का महत्वपूर्ण खेलाडी विकेटकिपर अनिल शाह छन् । उनीहरुसँगै स्पीनर ललित राजवंशी रुपेश सिंह, किशोर महतो, अरनिकोप्रसाद यादव, तुलबहादुर थापा मगर, आकाश त्रिपाठी, शुभ कंसाकर, शेर मल्ल र हेमन्त धामी छन् ।

जनकपुरले एनपिएलको उपाधि जित्ने लक्ष्यका साथ न्यूजिल्यान्डका चर्चित खेलाडीदेखि पाकिस्तान र अमेकिाका अनुभवी खेलाडीलाई भित्र्याउन सफल भएको छ । जसमा न्यूजिल्यान्डका जिमी निशम, अमेरिकाका जोशुआ ट्रोम्प, अमेरिकामा बसेर क्रिकेट खेल्ने श्रीलङ्काली मुलका लाहिरु मिलन्था, पाकिस्तानका मोहमद मोहसिन खान र इङ्गल्याण्डका अलराउण्डर बेन माइक छन् ।

जनकपुर टोलीको मुख्य प्रशिक्षकमा भने राष्ट्रिय सिनियर क्रिकेट टोलीका पूर्वप्रशिक्षक पुबुदु दासानायके हुनुहुन्छ । दासानायकेले सुरुआतमा सन् २०११ देखि २०१५ सम्म नेपाल टिमको प्रशिक्षण सम्हाल्नुभएको थियो । त्यसदौर ान उहाँकै प्रशिक्षणमा नेपालले आइसीसी विश्व क्रिकेट लिग डिभिजन चारदेखि एकसम्मको यात्रा तय गरेको थियो । त्यस्तै नेपालले विभिन्न समयमा क्रिकेटको छनोट चरण पार गर्दै सन् २०१४ मा बङ्गलोदशमा भएको विश्वकपमा सहभागितासमेत जनाएको थियो । उहाँकै प्रशिक्षणमा उपाधि जित्नेमा जनकपुर बोटल्स विश्वस्त रहेको छ । जनकपुरका कप्तान अनिल शाहले आफ्नो टोलीको तयारीसँगै अभ्यास खेल पनि खेलेको र टोली सन्तुलित रहेको भन्दै टिम जित्नकै लागि मैदानमा उत्रिने बताउनुभयो ।

विराटनगर किङ्सको मार्की खेलाडी एवम् कप्तान सन्दीप लामिछाने छन् । विश्वभरका फ्रेन्चाइज लिगको अनुभव बटुलेका कप्तान लामिछानेले विभिन्न देशमा फ्रेन्चाइज खेल्दा आफ्नो देशमा पनि विश्वका स्टारसहित राम्रो फ्रेन्चाइज लिग होस् भन्ने चाहना पूरा हुन लाग्दा खुसी लागेको बताउँदै जनकपुर विरुद्धको पहिलो खेलबाटै जित निकाल्ने गरी मैदानमा उत्रिने बताउनुभयो ।

विराटनगरमा कप्तान लामिछानेसहित लोकेश बम, प्रतिश जीसी, बसिर अहमद, राजेश पुलामी मगर, जितेन्द्रकुमार मुखिया, अनिल खरेल, दिपक बोहरा, सुभाष भण्डारी, नरेन भट्ट र मुनाल गुरुङ छन् । विदेशी खेलाडीमा ओमानका अकिब इल्यास, न्यूजिल्यान्डका मार्टिन गप्टिल, क्यानडाका निकोलास किर्टन स्कटल्यान्डका क्रिस सोल र अफगानिस्तानका इस्मल आलम छन् । टोलीको प्रशिक्षकमा केभिन ओब्राइन छन् । उक्त खेलको प्रत्यक्ष प्रशारण विश्वका ठूला प्रतियोगिता र लिग प्रशारण हुने 'स्टार स्पोर्ट्स' च्यानलमा हुनेछ ।

**त्रिविमा अध्ययनरत विधार्थीलाई टिकट मुल्यमा छुट**

नेपाल प्रिमियर लिग (एनपीएल)मा त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीले टिकट मूल्यमा छुट प्रदान गर्ने नेपाल क्रिकेट सङ्घ (क्यान)ले जनाएको छ । क्यानका अनुसार त्रिवि क्रिकेट मैदानमा सञ्चालन हुने खेलमा त्रिवि विश्वविद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई ५० प्रतिशत छुट दिने जानकारी दिएको छ । प्रतियोगितामा जनकपुर बोट्ल्ससँगै विराटनगर किङ्स, कर्णाली याक्स, काठमाडौँ गोर्खाज, लुम्बिनी लायन्स, पोखरा एभेन्जर्स, चितवन राइनोज र सुदूरपश्चिम रोयल्स गरी आठ टोलीको सहभागिता रहेको छ ।रासस

# सिरियाली विद्रोहीले अलेपोको 'धेरैजसो' भाग नियन्त्रणमा लिएको दाबी

बीबीसी

काठमाण्डु । सिरियाका विद्रोही फौजले त्यहाँको दोस्रो ठूलो सहर अलेपोको "धेरैजसो" भाग नियन्त्रणमा लिएको यूकेमा मुख्यालय रहेको निगर ानी समूह सिरिअन अब्जर्बेटरी फर ह्युमन राइट्सले जनाएको छ।उक्त संस्थाका अनुसार बुधवारदेखि सुरु भएको आक्रमणमा २० जना भन्दा धेरै सर्वसाधारणसहित ३०० जनाभन्दा धेरै मारिएका छन्।यो सिरियाली सरकारविरुद्ध वर्षौंयता भएको सबैभन्दा ठूलो आक्रमण बताइएको छ।

सन् २०१६ मा राष्ट्रपति बसर अल-असदको सेनाले परास्त गरेयता पहिलोपटक विद्रोहीहरू अलेपो पुगेका थिए। अलेपोमा रहेको विमानस्थल र सहरतर्फ जाने सबै सडक बन्द गरिएको सैन्य स्रोतले रोयटर्स समाचार संस्थालाई बताएको छ। ठूलो प्रतिरोधको सामना नगरिनै विद्रोहीहरूले "आधा अलेपो" कब्जा गरेको निगरानी समूहका निर्देशक रामी अब्देल रहमानले शनिवार एएफपी समाचार संस्थालाई बताएका छन्।उनका अनुसार "सरकारी सैनिकपछि हटेका कारण त्यहाँ कुनै पनि भिडन्त भएको छैन र एउटा गोली पनि चलेको छैन।"

**पछिल्ला दाबी र अवस्था**

बुधवार विद्रोही र तीनका सहयोगीले आक्रमण सुरु गरेयता नियन्त्रणमा लिएका अलेपो र इड्लिब प्रान्तका केही सहरहरूमा शुक्रवार पुनः आफ्नो नियन्त्रण कायम गरि एको सरकारी सेनाले बताएको थियो।

इस्लामिक लडाकु समूह ताहिर अल-शाम 'एचटीएस' सम्बद्ध च्यानलमा पोस्ट गरिएका भिडिओहरूमा सहरमा विद्रोही लडाकुहरू देखिन्छन्।बीबीसी भेरिफाइले उक्त दृश्य अलेपोको पश्चिमी क्षेत्रको रहेको पुष्टि गरेको छ।सन् २०११ मा प्रजातन्त्र पक्षधर विरोध प्रदर्शनहरूमा सरकारले दमन गरेपछि सुरु भएको गृहयुद्धमा पाँच लाख भन्दा धेरै मानिसहरू मारिएका छन्।



जिहादीसहितका सशस्त्र समुहको एउटा लस्करले असद सरकारको विरोधमा देशमा चलिरहेको राजनीतिक उथलपुथलको फाइदा उठाउँदै सिरि याका कैयौँ ठाउँ कब्जामा लिएको थियो। पछि रुस र अन्य सहयोगी देशहरूको सहयोगमा सिरिया सरकारले आफूले गुमाएका अधिकांश क्षेत्रमा पुनः आफ्नो नियन्त्रण कायम गरेको थियो।पछिल्लो समयसम्म विपक्षीहरूको पकड क्षेत्र रहेको इडलिबमा एचटीएसको नियन्त्रण छ। तर टर्की समर्थित विद्रोही समूह र टर्कीको फौजको उपस्थिति पनि यो क्षेत्रमा छ।

**रूसको सहयोग**

सिरियाली र रुसी विमानहरूले इड्लिब नजिकैका क्षेत्रमा शुक्रवार २३ वटा हवाई आक्रमण गरेको यूकेको निगर ानी समूहले जनाएको छ।सिरियामा रहेका स्रोत सञ्जालको सहायतामा यो निगर ानी समूहले आफ्नो काम गर्ने गरेको छ।जसका अनुसार रुसी आक्रमणमा चार जना सर्वसाधारण र १९ जना अन्य व्यक्तिहरूको मृत्यु भएको छ।

रुसी सेनाले "अतिवादी शक्तिमाथि" बमबारी गरेको रुसी समाचार संस्थाले जनाएको छ। क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले "छिट्टै सुव्यवस्था कायम गर्न सिरिया सरकारलाई" सहयोग गर्ने बताएका छन्।उनले उक्त देशको सार्वभौमसत्तामाथि नै आक्रमण भएको बताएका छन्।शुक्रवार विद्रोहीसम्बद्ध च्यानलहरूमा पोस्ट गरिएको विज्ञप्तिमा "हाम्रा फौजहरू अलेपो सहर प्रवेश गर्न सुरु गरेका छन्" भनिएको थियो।

बीबीसीले पुष्टि गरेको एक भिडिओमा सशस्त्र मानिसहरू अलेपोको मध्यकालीन किल्लाबाट करिब सात किलोमिटर पर सहरको मध्य भागमा दौडिरहेको देखिन्छ।बीबीसीले पुष्टि गरेको अर्को दृश्यमा अलेपो विश्वविद्यालय नजिकैको क्षेत्रमा सामान बोकेका मानिसहरूको ठूलो समूह देखिन्छ।यो भिडिओ एचटीएस सम्बन्ध सञ्चार माध्यमले विद्रोही सेना प्रवेश गरेको दाबी गरेको भन्दा तीन किलोमिटर टाढा रेकर्ड गरिएको हो। अलेपोका एकजना बासिन्दा सर्मद्ले एएफपी समाचार संस्थासँग आफूले "दिनरात क्षेप्यास्त्र र बमबारीको आवाज सुनेको" बताएका छन्।

"हामीलाई फेरी युद्ध होला र हामी हाम्रो घरबाट फेरी विस्थापित हुनुपर्ला कि भन्ने डर लागेको छ," ५१ वर्षका उनले भने।सिरियाका लागि संयुक्त र ाष्ट्रसङ्घका मानवीय सहायता संयोजक डेभिड कार्डेनले सर्वसाधारणमा देखिएको शत्रुताको प्रभावबाट आफू चिन्तित भएको बताएका छन्।"विगत तीन दिनदेखि जारी निरन्तरको आक्रमणमा आठ वर्षका बालक समेत गरि २७ जना सर्वसाधारणको ज्यान गएको छ," उनले भने।

**सहयोगी राष्ट्र युद्धमा फसेका समयमा विद्रोह**

सन् २०२० मा टर्की र सिरियाको प्रमुख सहयोगी रुसले उक्त क्षेत्रमा पुनः नियन्त्रणको प्रयासमा सेना अघि रोक्नेगरी युद्धविराम गराएसँगै इड्लिबमा लडाइँ व्यापक मात्रामा कम भएको थियो।तर बुधवार एचटीएस र उसका सहयोगीहरूले आक्रमणको सामना गर्न आफ्नो तर्फबाट पनि प्रत्याक्रमण गरिएको बताएका छन्। उनीहरूले उक्त क्षेत्रमा बढ्दो तनाव कम गर्न सरकार र सरकार समर्थित मिलिसियाहरूलाई आग्रह गरेका छन्।

सिरियाली सरकार र उसका सहयोगीहरू अन्यत्र तिरका युद्धमा अल्झिएका समयमा यो घटना भएको हो। छिमेकी राष्ट्र लेबननमा इजरेली सेनाले इर ान समर्थित हिजबुल्लाह आन्दोलनलाई कमजोर बनाएको छ।हिज्बुल्लाहका लडाकुहरूले सिरियाली गृहयुद्ध उथलपुथल गराउन सहयोग गरेका थिए । इजरेलले सिरियामा पनि इरान र इरान समर्थित समूहसँग सम्बन्धित निशानाहरूमा हवाई आक्रमण अघि बढाएको छ ।

# भारतमा आँधीका कारण विद्यालय बन्द

एएफपी

बेङ्लोर ।भारतको दक्षिण क्षेत्रमा आएको शक्तिशाली चक्रवाती आँधीका कारण विद्यालयहरू बन्द गरिनुका साथै सयौं मानिसहरूलाई सुरक्षित आश्रयस्थलहमा सारिएको छ ।

चक्रवात फेङ्गलले ७०-८० कम्तिमा ४७१ जनालाई र ाहत शिविरहरूमा सारिएको इकोनोमिक टाइम्स अखबारले जनाएको छ ।पछिल्लो समयमा चक्रवातहरू-उत्तरी अटलान्टिकमा आँधीबेहरी वा उत्तरपश्चिमी प्रशान्तमा टाइफुन जस्तै -उत्तरी हिन्द महासागरमा



किलोमिटर प्रति घण्टा को हावाको साथ तमिलनाडु राज्यमा अवतरण गर्ने पूर्वानुमान गरि एको भारतको मौसम ब्यूरोले जनाएको छ ।पूर्वानुमानले माछा मार्ने मानिसहरूलाई पानीबाट टाढा रहन आग्रह गर्दै बढ्दो छालहरूले तल्लो तटीय क्षेत्रहरूमा बाढीको खतरा निम्त्याउने जनाएको छ ।

तमिलनाडुका धेरै जिल्लाहरूमा विद्यालय तथा कलेजहरू बन्द गरिनुका साथै नियमित खतराको रुपमा देखा परेका छन् ।

यस हप्ताको सुरुमा श्रीलङ्काको तटमा फेङ्गलले छ जना बालबालिका सहित कम्तीमा १२ जनाको ज्यान लिएको थियो ।वैज्ञानिकहरूले जीवाश्म ईन्धनहरू जलन बाट सिर्जित जलवायु परिवर्तनका कारण विश्वको तापमान वृद्धि हुदाँ आँधी बेहरी अझै शक्तिशाली हुँदै गइरहेको चेतावनी दिएका छन् ।

# म्यानमामा ३१ जना थाई चालक दलका कर्मचारी पक्राउ, एकको मृत्यु

एएफपी

बैङ्कक । थाई माछा मार्ने डुङ्गाका ३० भन्दा बढी चालक दलका सदस्यहरूलाई शनिबार म्यानमाको जहाजहरूसँगको भिडन्तपछि हिरासतमा लिइएको थियो । उक्त भिडन्तमा एक व्यक्तिको मृत्यु भएको नौसेना कमाण्डरले जानकारी दिनुभयो ।

दक्षिणी प्रान्त रानोङका नौसेना कमाण्डर सुवात डोन्साकुलले भन्नुभयो,"एक थाई माछा मार्ने व्यक्ति डुबेको र ३१ जनालाई म्यानमा लगिएको छ । उनीहरूलाई कसले हिरासतमा राखेको छ भनी बताएको छैन ।"शनिबार घटना भएको बेला म्यानमाको जलक्षेत्रमा धेरै थाई माछा मार्ने डुङ्गा चलिरहेको सुवतले बताउनुभयो ।"मृतकले आक्रमणको क्रममा पानीमा हाम फाले," उहाँले थप्नुभयो ।सुवतले स्थानीय अधिकार ीहरूलाई म्यानमाका समकक्षहरूसँग वार्ता गर्न निर्देशन दिएको बताउनुभयो ।

# पाकिस्तानमा भएको साम्प्रदायिक झडपमा थप १३ जनाको मृत्यु

एएफपी

पेसावर । उत्तरपश्चिम पाकिस्तानमा भएको साम्प्रदायिक झडपमा थप १३ जनाको मृत्यु भएको स्थानीय अधिकारीले शनिबार बताएका छन् । अधिकार ीहरुका अनुसार यो सँगै झडपमा कुल मृत्युको संख्या १२४ पुगेको छ ।

पाकिस्तान सुन्नी बहुल देश हो, यद्देपी अफगानिस्तानको सीमा नजिकैको खैबर पख्तुनख्वा प्रान्तको कुर्रम जिल्लामा ठूलो शिया जनसंख्या छ दुई समुदायहरू दशकौँदेखि द्वन्द्वमा छन् ।गत बिहीबार नयाँ लडाइँ सुरु भयो जब प्रहरी स्कर्टमा अन्तर्गत यात्रा गरिरहेका दुई अलग-अलग सवार ीमाथि आक्रमण हुदाँ ४० जना भन्दा बढी मानिसहरुको मृत्यु हुनुका साथै लडाइँ सुरु भएको थियो ।

कुर्रम स्थानीय सरकारका एक अधिकारीले विगत दुई दिनमा झडपका कारण थप १३ जनाको मृत्यु भएको जनाउदै मृतकहरुमा दुई जना सुन्नी र ११ जना शिया समुदायका रहेको उल्लेख गर्नु भएको छ । पछिल्लो समयमा "दुई पक्षबिच विश्वासको गम्भीर अभाव तथा दुवै पक्ष शत्रुता अन्त्य गर्ने सरकारी आदेशको पालना गर्न इच्छुक नरेको उहाँले नाम नछाप्ने सर्तमा बताउनु भएको छ ।

# जापानमा 'नेपाल फेस्टिवल'




काठमाण्डु । 'नेपाल र नेपालीको जापानमा पहिचान, १४ औँ नेपाल फेस्टिवलमार्फत नेपालमा पर्यटन प्रवर्द्धन' भन्ने मूल नाराका साथ शनिबारदेखि जापानमा १४ औँ 'नेपाल फेस्टिवल' सुरु भएको छ। गैरआवसीय नेपाली सङ्घ (एनआरएनए) जापान, जापानका लागि नेपाली राजदुतावास र नेपाल आदिवासी जनजाति महासङ्घ जापानको संयुक्त आयोजनामा भोलिसम्म टोकियोको नाकानो सिकिनोमोरी पार्कमा सञ्चालन हुने यस महोत्सवबाट नेपालको कला र संस्कृतिलाई विश्वसामु चिनाउने र प्रवासमा रहेका नेपालीलाई ऐक्यबद्धता गर्दै नेपालीहरुको अपनत्वको अनुभूति गराउन सहयोग पुग्ने बताइएको छ।

जापानमा नेपाल र नेपालीको पहिचान झल्कने नेपाली हाउस नामक बहुसांस्कृतिक केन्द्रको निर्माणका लागि सहयोग जुटाउन यो फेस्टिवलको आयोजना गरिएको एनआरएनए जापानले जनाएको छ । फेस्टिवलका आर्थिक सङ्कलन अभियान, स्टल बुकिङ, स्वयम्सेवक टिम र विभिन्न वेशभूषा, मौलिक कला संस्कृति, नेपाली संस्कृतिका प्रतिभा देखाउने एनआरएनए जापानका अध्यक्ष तथा फेस्टिवल मूल आयोजक समितिका संयोजक नवीन निउरेले जानकारी दिनुभयो।

धार्मिक र सामाजिक सद्भावसहितको नेपाल हाउस निर्माण गराउने मुख्य योजनासहित यस वर्षको 'नेपाल फेस्टिवल' गरिन लागेको एनआरएनए जापानका उपाध्यक्ष कृष्ण शर्मा गैरेले बताउनुभयो । महोत्सवमा नेपाली खानाको र अन्य व्यापारिक प्रयोजनका गरी ४० वटा स्टल राखिएका छन् ।

महोत्सवमा नेपाली मौलिक कला संस्कृति, सामाजिक रीतिरिवाज, पर्यटकीय स्थललगायत समेटिएको विभिन्न वृत्तचित्र तथा फोटो प्रदर्शनी गरिने एनआरएनए प्रवक्ता खगराज गौतमले जानकारी दिनुभयो । एनआरएन जापानले सन् २०१२ देखि जापानमा यस किसिमको महोत्सव गर्दै आएको छ ।रासस

# सुपर काबेली 'ए' जलविद्युत् आयोजना निर्माण सम्पन्न : परीक्षण सफल

फुङ्लिङ । ताप्लेजुङको सिरिजङ्घा गाउँपालिकामा निर्माण गरिएको सुपर काबेली 'ए' जलविद्युत् आयोजनाको परीक्षण सफल भएको छ। काबेली खोलामा निर्माण भएको सो आयोजनाको क्षमता १३ दशमलव ५ मेगावाट रहेको छ

आयोजनाका जनसम्पर्क अधिकृत मेघनाथ ढुङ्गानाका अनुसार परीक्षण गत आइतबारदेखि सुरु भएको थियो । परीक्षण सफल भएसँगै नेपाल विद्युत् प्राधिकरणका प्राविधिकले अन्तिम जाँच तथा निरीक्षण गरी शनिबारसम्ममा आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जडान गर्ने तयारी भइरहेको छ । उहाँका अनुसार आयोजनाबाट उत्पादित विद्युत् नेपाल विद्युत् प्राधिकरणको पाँचथरस्थित अमरपुर सब-स्टेसन (१३२ केभीए क्षमता) मार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिनेछ।



सिरिजङ्घा -८ याम्फुदिनको रते खोलामा अवस्थित विद्युत्गृहबाट अमरपुर सब-स्टेसनसम्मको करिब ३१ किलोमिटर दूरीमा रहेका प्रसारण लाइनको परीक्षण पनि सफल भएको छ । सुपर काबेली 'ए' जलविद्युत् आयोजना स्नो रिभर्स लिमिटेडले निर्माण गरेको हो।

विसं २०७९ मङ्सिर अन्तिम साताबाट सुरु भएको आयोजना छोटो अवधिमै सम्पन्न भएको जनाइएको छ । करिब रु दुई अर्ब ६३ करोड २९ लाखको लागतमा निर्माण सम्पन्न भएको यो आयोजना क्षेत्रीय ऊर्जा आपूर्तिमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ। सोही क्षेत्रमा काबेली हाइड्रोपावर कम्पनी लिमिटेडले २१ दशमलव १३ मेगावाट क्षमताको अर्को जलविद्युत् आयोजना पनि निर्माण गरिरहेको छ, यसले स्थानीय र राष्ट्रिय ऊर्जा उत्पादनलाई अझ सुदृढ बनाउने विश्वास गरिएको छ ।रासस

# बीस वर्षदेखि व्यावसायिक कृषि कर्ममा रमाइरहेका चन्द्रवंशी परिवार



धरान । जिल्लाको बराहक्षेत्र नगरपालिका-९ श्रीलङ्का टप्पुका अर्जुन चन्द्रवंशीले गोलभैँडा खेतीबाट वार्षिक रु ३० लाख आम्दानी गर्दै आउनुभएको छ । विगत २० वर्षदेखि व्यावसायिक कृषि पेसामा आबद्ध उहाँले गोलभैँडा खेतीलाई प्रमुख उत्पदानको स्रोत बनाउनुभएको हो।

श्रीलङ्का टप्पुका किसानका बारीमा अहिले मकै, सागसब्जी, आलु, कोपी, बोडीलगायत मौसमअनुसार तरकारी उत्पादन भइरहेका छन् । अर्जुनको व्यवसायमा उहाँका चार छोराले साथ दिइरहनुभएको छ। कृषि कर्मको आम्दानीबाट जीविकोपार्जन भइरहेको बताउँदै अर्जुनले गोलभैँडाबाट मात्रै सबै खर्च कटाएर रु २० लाख बचत हुने गरेको जानकारी दिनुभयो।

अहिले करिब चार बिघा क्षेत्रफलमा गोलभैँडा खेती गरिरहेको अर्जुनका छोरा श्रीराम चन्द्रवंशीले बताउनुभयो । गोलभैँडाबाट वार्षिक रु ३० लाख आम्दानी हुनेमा खेतीमा प्रयोग गर्ने मल, कर्मचारीलगायतको वार्षिक रु १० लाख जति खर्च हुने गरेको उहाँले बताउनुभयो।

श्रीराम भन्नुभयो, "कृषिकर्म हाम्रो पुर्खौली पेसा हो। सुरुआती समयमा सागसब्जी, आलु, कोपिलगायत खेती गर्दै आएका थियौं। पछिल्लो समय गोलभैँडाबाट मनग्ये आम्दानी हुन थालेपछि यसप्रति बढी आकर्षित हुन थालेका हौं ।" गोलभैँडा अहिले थोकमा प्रतिकेजी रु एक सयमा फार्मबाटै व्यापारीले खरिद गरेर लैजाने गरेका उहाँले बताउनुभयो।

"गत असोजमा आएको बाढीले चार कठ्ठा जति खेतीमा क्षति गर्‍यो। बारीमा छरेको मल बगाउनुका साथै केही डुबानमा पनि पर्‍यो । बाढीले करिब रु तीन लाख बढीको क्षति भएको थियो । अहिले भने मौसमले साथ दिएकाले उत्पादन राम्रो भइरहेको छ", श्रीरामले भन्नुभयो। गोलभैँडाको माग प्रशस्त भएकाले बजारीकरणको समस्या नरहेको उहाँले बताउनुभयो।

"उत्पादित कृषि उपज बजार बोकेर लैजानुपर्दैन । व्यापारी आफैँ गोलभैँडासहित अन्य सागसब्जी खरिद गर्न खेतबारीमै आउनुहुन्छ। यहाँ आउनेलाई बजार मूल्यभन्दा रु २० कम लिने गरेका छौँ", श्रीरामले भन्नुभयो। धनकुटा, धरान, इटहरी, गाईघाट, राजविराज, बराहक्षेत्रलगायत स्थानबाट व्यापारी फार्ममा गोलभैँडा खरिद गर्न आउने गरेका उहाँले जानकारी दिनुभयो।

गोलभैँडा खेतीमा लगानी र दुःख बढी भए पनि मेहिनत गरेअनुसार प्रशस्त उत्पादन हुने भएकाले नोक्सान नहुने श्रीरामले अनुभव सुनाउनुभयो । परिवारका चार दाजुभाइसहित थप २० जनाले रोजगारी पाएका उहाँले बताउनुभयो।

गोलभैँडाको मौसममा कम मूल्यमा बिक्री गर्नुपरे पनि बेमौसममा रु एक सयदेखि रु एक सय ५० सम्ममा बिक्री हुने श्रीरामले जानकारी दिनुभयो। उहाँका अनुसार वार्षिक छ सय क्विन्टल बढी भोलभैँडा बिक्री हुने गरेको छ । अहिले करिब २० बिघा क्षेत्रफलमा कृषिखेती गर्दै आएको बताउँदै करिब चार बिघामा गोलभैँडा, चार बिघामा मकै र बाँकी जग्गामा कोपि, बोडीलगायत सागसब्जी खेती गरिरहेको श्रीरामले जानकारी दिनुभयो।

जिल्लामा हाल आठ हजार एक सय ५३ हेक्टर क्षेत्रफलमा तरकारी खेती हुँदै आएको जिल्ला कृषि ज्ञान केन्द्रका सूचना अधिकृत प्रविनलाल श्रेष्ठले जानकारी दिनुभयो। "जिल्लाको बराहक्षेत्र नगरपालिकामा बढी मात्रामा गोलभैँडा, कोपी, बोडीलगायत सागसब्जीको प्रशस्त उत्पादन हुन्छ", उहाँले भन्नुभयो। उहाँका अनुसार गत असोजमा आएको बाढीले तीन सय ५४ हेक्टरभन्दा बढी खेती नष्ट गर्दा रु चार करोड ५२ लाख बराबरको क्षति भएको छ।

सिँचाइ सुविधा, मलको उपलब्धतादगायत कारणले पछिल्लो समय नगरभित्र गोलभैँडासहित सागसब्जीको उत्पादन प्रशस्त हुन थालेपछि यहाँका अधिकांश परिवार यसतर्फ आकर्षित भएका नगरप्रमुख रमेश कार्कीले बताउनुभयो । "यहाँका करिब ९० प्रतिशत परिवार तरकारी खेतीमा आबद्ध छन् । श्रीलङ्का टप्पु तरकारी खेतीका लागि प्रख्यात क्षेत्र मानिनुका साथै बजारीकरणको समस्या नभएकाले कृषकको आकर्षण बढेको हो", उहाँले भन्नुभयो।


नगरपालिकाले स्थानीय किसानलाई आत्मनिर्भर बनाउने उद्देश्यले जैविक तरकारीखेतीमा अनुदान, पशुपालन गर्नेलाई लगानीमा सहयोग, सिँचाइ सुविधा र उत्पादित वस्तुको बजारीकरणमा सहजीकरण, प्राविधिक परामर्शलगायत क्षेत्रमा आवश्यक सहयोग गर्दै आएको नगरप्रमुख कार्कीले बताउनुभयो ।रासस

# हाटबजारमा चार हजार दुई सय किलो मास बिक्री

दमौली । तनहुँको आँबुखैरेनी गाउँपालिका-५ का कृषकले मास बिक्री गरी एकैदिन रु आठ लाख ४० हजार आम्दानी गरेका छन्। उक्त वडाका खेउसिङ, भकुण्डी, मजुवा, डोडेका कृषकले उत्पादन गरेको मास शुक्रबार बिक्री गरेका थिए।

आँबुखैरेनी ३ मा सञ्चालन गरेको हाटबजारमा चार हजार दुई सय किलो मास बिक्री भएको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त मास प्रति किलो रु दुई सयमा विक्री गरेका छन्।

हाटबजारमा २९ जना कृषकले मास बिक्री गरेका छन् । उहाँले भन्नुभयो, "त्यस वडाका कृषकहरु व्यावसायिक मास उत्पादनमा लागेका छन्। मासले बजार पाउँदा कृषक खुसी छन् ।" गाउँपालिकाले हाटबजारसम्म मास ढुवानीका लागि सवारी साधनको व्यवस्थापन गरिदिएको थियो । त्यस्तै मास उत्पादन गर्ने कृषकलाई प्रति किलो रु २५ अनुदान दिने व्यवस्था मिलाइएको प्रमुख केसीले बताउनुभयो।



हाटबजारमा मास बिक्री गरेर एउटा कृषकले बढीमा रु ६० हजारसम्म आम्दानी गरेका छन् । खेउसिङका कृषक चन्द्रबहादुर भुजेलले आफूहरुले उत्पादन गरेको मासले बजार पाउँदा यसखेतीतर्फ लाग्न हौसला मिलेको बताउनुभयो । उहाँले भन्नुभयो, "मासको ढुवानी पनि गाउँपालिकाले नै गरिदिएको छ। उत्पादनक आधारमा अनुदानको व्यवस्था पनि मिलाउँदा कृषकलाई सहज भएको छ।"

भकुण्डीका इश्वर गुरुङ, खेउसिङका इश्वर गुरुङ, मजुवाका मनबहादुर भुजेलले व्यावसायिक रुपमा मास खेती गरिरहनुभएको छ। आँबुखैरेनी गाउँपालिका-५ का वडाध्यक्ष सन्तोष गुरुङले गाउँ-गाउँ पुगेर मास सङ्कलन गरी हाटबजारसम्म ल्याउन वडाले सहजीकरण गरेको जानकारी दिनुभयो।

गाउँपालिकाले विगत एक वर्षदेखि प्रत्येक शुक्रबार हाटबजार सञ्चालन गर्दै आएको छ। हाटबजारले स्थानीय कृषक र उपभोक्तालाई प्रत्यक्ष जोड्ने काम गरेको छ । गाउँपालिकाले सञ्चालन गरेको हाटबजार स्थानीय कृषि उपज विक्री वितरणका लागि प्रभावकारी थलोको रुपमा विकास भएको छ। हाटबजारमा प्रत्येक शुक्रबार कृषकले उत्पादन गरेका कृषि उपज वस्तु विक्री वितरणका ल्याउँछन् । उपभोक्ता पनि कहिले शुक्रबार आउँछ र ताजा कृषि उपज सामग्री आउछ भनेर कुर्छन्। हाटबजारमा स्थानीय मह, गोलभेडा, सिस्नु, गिठ्ठा, अमला, बेथेको साग, फर्सीको मुन्टा, दही, मोही, सिब्लीगान लगायतका दैनिक उपभोग्य वस्तु विक्री वितरण गर्ने व्यवस्था मिलाइएको छ।

गाउँपालिकाले दश वर्षका लागि जग्गा भाडामा लिएर हाटबजार सञ्चालन गरेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । चुमानका अुसार वार्षिक रु दश लाख ५० हजार भाडा तिर्ने गरी गाउँपालिकाले जग्गा भाडामा लिएको थियो। गाउँपालिकाका जुनसुकै वडाका कृषकले पनि आफूले उत्पादन गरेका सामग्री यहाँ ल्याएर बेच्न सक्ने उहाँले बताउनुभयो ।रासस

# विदेशी मुद्राको विनिमय दर

काठमाण्डु। नेपाल राष्ट्र बैंकले शनिबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। शनिबारका लागि तय भएको विनिमयदर अनुसार यूरोपियन युरो, युके पाउण्ड स्टर्लिङ, क्यानेडियन डलर, जापानी येनलगायतको मूल्य बढेको छ।

राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ ८८ पैसा र बिक्रीदर एक सय ३५ रुपैयाँ ४८ पैसा कायम भएको छ।युरोपियन युरो एकको खरिददर एक सय ४२ रुपैयाँ ४३ पैसा र बिक्रीदर एक सय ४३ रुपैयाँ ०६ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७१ रुपैयाँ २१ र बिक्रीदर एक सय ७१ रुपैयाँ ९७ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५३ रुपैयाँ १० पैसा र बिक्रीदर एक सय ५३ रुपैयाँ ७८ पैसा कायम गरिएको छ।

केन्द्रीय बैंकका अनुसार, अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ ७६ पैसा र बिक्रीदर ८८ रुपैयाँ १५ पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ ३५ पैसा र बिक्रीदर ९६ रुपैयाँ ७८ पैसा, सिङ्गापुर डलर एकको खरिदार एक सय रुपैयाँ ६४ पैसा र बिक्रीदर एक सय एक रुपैयाँ ०९ पैसा निर्धारण गरिएको छ।

यस्तै, जापानी येन १० को खरिददर आठ रुपैयाँ ९९ पैसा र बिक्रीदर नौ रुपैयाँ ०३ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ६३ पैसा र बिक्रीदर १८ रुपैयाँ ७१ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ९० पैसा र बिक्रीदर ३६ रुपैयाँ ०६ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ र बिक्रीदर ३७ रुपैयाँ १७ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर तीन रुपैयाँ ९३ पैसा र बिक्रीदर तीन रुपैयाँ ९५ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ७२ पैसा र बिक्रीदर ३६ रुपैयाँ ८९ पैसा, मलेसियन रिङ्गेट एकको खरिदर ३० रुपैयाँ ३४ पैसा र बिक्रीदर ३० रुपैयाँ ४८ पैसा तोकिएको छ।त्यस्तै, साउथ कोरियन वन एक सयको खरिदर ९ रुपैयाँ ६६ पैसा र बिक्रीदर ९ रुपैयाँ ७० पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ३६ पैसा र बिक्रीदर १२ रुपैयाँ ४२ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ १० पैसा र बिक्रीदर १९ रुपैयाँ १८ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ३३ पैसा र बिक्रीदर १७ रुपैयाँ ४१ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३८ रुपैयाँ ९६ पैसा र बिक्रीदर चार सय ४० रुपैयाँ ९२ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५७ रुपैयाँ ७५ पैसा र बिक्रीदर तीन सय ५९ रुपैयाँ ३४ पैसा, ओमानी रियाल एकको खरिददर तीन सय ५० रुपैयाँ ३५ पैसा र बिक्री दर तीन सय ५१ रुपैयाँ ९१ पैसा तोकेको छ। यस्तै, भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ।रासस


**मधेश प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**प्रदेश दुग्ध विकास वोर्ड**

**जनकपुरधाम, धनुषा**

## प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०८/१६**

यस प्रदेश दुग्ध विकास वोर्डको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु लागत साझेदारीमा संचालन गर्न यो सूचना प्रकाशन भएको मितिले २१ औं दिन (मिति २०८१/०९/०६) सम्म कार्यालय समयभित्र यस प्रदेश दुग्ध विकास वोर्ड, जनकपुरधाममा आवश्यक कागजातहरु रेकर्ड फाइलमा संलग्न राखी प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समय भित्र प्रस्ताव दर्ता गरिनेछ। कार्यक्रम संचालनका लागी प्रस्ताव/आवेदन फारमको ढाँचा बोर्डको वेबसाइट pddb.madhesh.gov.np वा बोर्डको कार्यालयबाट उपलब्ध गराइनेछ। यस सम्बन्धमा थप जानकारीको लागि यस वोर्डको पशु विकास अधिकृत श्री उपेन्द्र कुमार सिंह (मोवाईल नम्वरः ९८५४०३६४०५), अधिकृत श्री सुमित राय (मो.नं.९८५४०६००४१) र ना.प्रा.स. श्री दिपेन्द्र चौधरी (मो.नं.९८०५९१३०९०) लाई सम्पर्क गर्नु हुन अनुरोध छ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | परिमाण (संख्या) | कार्यक्रम कूल बजेट | साझेदारी प्रतिशत | कार्यक्रम संचालन हुने जिल्लाहरु | आवश्यक मापदण्ड तथा साझेदार संस्थाहरु | आवश्यक कागजातहरु |
|---|---|---|---|---|---|---|---|
| १ | दैनिक ५००० लि. दुधको संकलन गर्ने निजि/सहकारी संस्थालाई रेफ्रिजेरेटेड भ्यानमा सहयोग | ३ | ६० लाख | ५० % | मधेश प्रदेशका ८ वटै जिल्लामा | दैनिक ५००० लि दुग्ध संकलन गर्ने निजि/सहकारी संस्था | १. रु.१० को हुलाक टिकट टाँसेको प्रस्ताव/आवेदन फारम<br>२. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>३. संस्था दर्ता/नविकरणको प्रतिलिपि<br>४. स्थायी लेखा नम्बर (एब्ल)प्रमाणपत्रको प्रतिलिपि,<br>५. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,<br>६. सहकारीको हकमा कार्यक्रम संचालनका लागि सहभागी हुने (बैठक) निर्णयको प्रतिलिपि<br>७. कम्तिमा दैनिक ५००० लि. दुधको संकलन गर्ने गरेको खुलाइएको स्थानिय तहको सिफारिस पत्र बोर्डले उपलब्ध गराएको ढाँचामा<br>८. प्रतिवद्धता पत्र बोर्डले उपलब्ध गराएको ढाँचामा<br>९. अन्य आवश्यक कागजातहरु |
| २ | दैनिक २००० लि. दुधको प्रशोधन विविधिकरण गरी विक्री वितरण गर्ने व्यवसायी/संस्थालाई कोल्ड रुम निर्माणमा सहयोग | ४ | २० लाख | ५० % | मधेश प्रदेशका ८ वटै जिल्लामा | दैनिक २००० लि. दुधको प्रशोधन विविधिकरण गरी विक्री वितरण गर्ने व्यवसायी/संस्था | १. रु.१० को हुलाक टिकट टाँसेको प्रस्ताव/आवेदन फारम<br>२. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>३. संस्था दर्ता/नविकरणको प्रतिलिपि<br>४. स्थायी लेखा नम्बर (एब्ल)प्रमाणपत्रको प्रतिलिपि,<br>५. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,<br>६. सहकारीको हकमा कार्यक्रम संचालनका लागि सहभागि हुने (बैठक) निर्णयको प्रतिलिपि<br>७. कम्तिमा दैनिक २००० लि. दुधको प्रशोधन/ विविधिकरण तथा विक्रिवितरण गर्ने गरेको खुलाइएको स्थानिय तहको सिफारिस पत्र बोर्डले उपलब्ध गराएको ढाँचामा<br>८. प्रतिवद्धता पत्र बोर्डले उपलब्ध गराएको ढाँचामा<br>९. अन्य आवश्यक कागजातहरु |

**नोट** :

१. प्रस्ताव स्वीकृत गर्ने सम्पूर्ण अधिकार बोर्डमा निहित हुनेछ।

२. उल्लेखित कार्याक्रमहरुको अनुदानको अधिकतम सिमा "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७)" अनुरुप हुनेछ।

# ‘गढीमाई मन्दिरमा सहज रूपमा दर्शन तथा पूजाअर्चना गर्ने वातावरण मिलाउनुपर्छ’

**टुडे समाचारदाता**

बारा । मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले धर्मिक, सांस्कृति एवं पुरातात्विक महत्व बोकेको विश्व प्रसिद्ध गढीमाई मन्दिरमा सहज रूपमा दर्शन तथा पूजाअर्चना गर्ने वातावरण मिलाउन लाग्नुपर्ने बताएका छन् ।




शनिबार सुरक्षा समितिको बैठकमा मन्त्री लेखीले भार तको अयोध्यामा दिनहुँ अढाई लाखसम्म दर्शनार्थीहरू र ामलालको दर्शन गर्ने गरेको प्रसंग उल्लेख गर्दै गढीमाईमा पनि तिनै तहको सरकार मिलेर आवश्यक पूर्वाधार निर्माण गर्नुपर्नेमा जोड दिए ।

उनले भारतका धार्मिक मेलाहरूको अवलोकन गर्नेहरूलाई गढीमाईलगायत मधेशका धार्मिकस्थलको अनिवार्य दर्शन गर्ने गरी माहोल मिलाउन लाग्नुपर्ने धारणा राखे ।

“मधेश प्रदेश सरकारले गढीमाईमा बढीभन्दा बढी दर्शनार्थी आउने वातावरण बनाउन भौतिक पूर्वाधारदेखि पर्यटकलाई आकर्षित गर्न आवश्यक सहयोगका लागि तयार छ । जनकपुरधामस्थित माता सीताको पुण्य भूमिबाट अयोध्या जोड्ने सर्किट विकास गर्ने कुरा छ, गढीमाईको मन्दिर बरियापुरबाट पनि अयोध्या जोड्ने सर्किटको निर्माण गर्न पहलकदमी लिन सर कार लागिपर्छ । यहाँहरूले पनि यसमा सहयोग गर्नुपर्‍यो”, मन्त्री लेखीले भने ।

मेलामा शान्ति सुरक्षाको भरपुर व्यवस्था मिलाउन, जोखिम क्षेत्रको पहिचान गरेर त्यसैअनुसार सतर्कता अपनाउन, मेलामा हुने भीडको व्यवस्थापन, चोरी र दुर्घटना न्यूनीकरणका लागि कटिबद्ध भएर लाग्न उहाँले सुरक्षा प्रमुखहरूलाई आग्रह गरे । गढीमाई मेला मूल समितिका अध्यक्ष उपेन्द्र यादवले मेलाको तयारीका बारेमा जानकारी दिँदै भरपुर सुरक्षाको माग गरेका थिए ।

बैठकमा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव उद्धवप्रसाद रिजाल, सशस्त्र प्रहरीका नायब महानिर ीक्षक कालीदास धौवजी, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक माधव तिमिल्सिना र मधेश प्रदेशका प्रहरी नायब महानिरीक्षक लालमणि अचार्यलगायत बारा जिल्लाका सुरक्षा निकायका प्रमुखहरूको सहभागिता रहेको थियो ।

# साताव्यापी विवाहपञ्चमी महोत्सव शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । प्राचीन मिथिलाको राजधानी जनकपुर धाममा परम्परा अनुसार विवाह पञ्चमीको साताव्यापी महोत्सव शुरु भएको छ । धार्मिक, सांस्कृतिक र सामाजिक महत्त्वको यस पर्वलाई भव्यताका साथ मनाउन मिथिलावासी उत्साहपूर्वक शुरु भएको छ ।



प्रत्येक पाँच वर्षको अन्तर ालमा विशेष रूपमा भारतको अयोध्या रामजन्मभूमिबाट जन्ती आउने हुँदा उत्साह अझै थपिएको र विशेष व्यवस्था गरिएको जनकपुर धाम जानकी मन्दिरका महन्तका उत्तराधिकारी रामरोशन दास वैष्णले जानकारी दिए । उनले भगवान राम र माता सीताको पौराणिक विवाह उत्सवलाई जीवन्त बनाउन जनकपुर धाम अहिले चहलपहल र उत्साहले भरिएको बताए ।

उनले पञ्चवर्षीय विवाह महामहोत्सवको तयारीलाई व्यवस्थित बनाउन सम्पूर्ण मिथिलावासी लागि परेको बताउँदै भने, “यो मिथिलाको धार्मिक, संस्कृति उत्सवसँग जोडिएको पर्व हो, जसको तयारीमा प्रत्येक वर्ष मिथिलाका प्रत्येक नागरिक खुला मनले लाग्ने गर्छन् र अयोध्याबाट आएका पाहुनाका लागि खाना तथा वासको व्यवस्था पनि पूर्णरुपमा हाम्रो जिम्मेवारी हो ।”

जसअन्तर्गत जनकपुरधाका मारवारी सेवा समिति, कलवार कुट्टी, सुडी कुट्टी, रौनियार सेवा समितिले आवासको व्यवस्था गरिएको छ भने सो स्थानका भोजनको व्यवस्था जानकी मन्दिरको तर्फबाट आयोजना हुने महन्तका उत्तराधिकारी रामरोशन दासले बताए ।

महन्तका उत्तराधिकारी दासका अनुसार विवाह पञ्चमीको अवसरमा जनकपुरधामवासी मात्र नभएर स्थानीय सरकार तथा यहाँका युवा क्लबहरू पनि तयारीमा जुटेका छन् । यहाँका चौक चौराहा मठ मन्दिरहरू पनि सजाउन थालिएका छन् ।

त्यस्तै जनकपुरधाम उपमहानगरपालिकाले पनि विवाह पञ्चमी तयारीमा तीव्र रुपमा लागेको छ । त्रेता युगमा भगवान् राम र माता सीताको विवाहलाई स्मरण गर्दै मनाइने विवाह पञ्चमी महामहोत्सवलाई सफल बनाउन जनकपुरधाम उपमहानगर पालिकाले विशेष तयारी गरिरहेको छ । जनकपुरधाममा नेपाल र भारतलगायत विभिन्न देशबाट लाखौं तीर्थयात्री र पर्यटकको आगमन हुने भएकाले उपमहानगर पालिकाले व्यवस्थापनका लागि विभिन्न उपायहरू अपनाएको छ ।

जसअन्तर्गत रंगभूमि मैदानका हुने धनुष यज्ञका लागि पाँच सय दर्शनार्थीहरुका मञ्च व्यवस्थापनको कार्य भइरहेको छ भने जनकपुरधाम आउने श्रद्धालु भक्तजनहरुको विश्रमाका लागि धनुष यज्ञ मञ्चभन्दा दक्षिणतर्फ पाँच हजार श्रद्धालु अटाउने क्षमताको विश्रामस्थल निर्माण गरिँदै छ भने तिरहुतिया गाछीमा पनि विश्रामका लागि पण्डा लगाउने तयारी भइरहेको जनकपुर धामको प्रमुख मनोजकुमार साहले जानकारी दिए । अयोध्याबाट आएका पाँच सय जना जन्तीका लागि कलवार कुट्टीमा व्यवस्था गरिने बताए ।

त्यस्तै, यातायात व्यवस्थापनका लागि जनकपुरधाम प्रवेश गर्ने मुख्य चारवटा नाकामा ठुला सवारी साधन व्यवस्थित गरिनेछ, जहाँ जटही नाकाबाट आउने सवारी साधनलाई हनुमाननगर, मुजेलिया भएर आउेन सवारीलाई कबर्ड हल, पुलचोकबाट आउनेलाई बावन विघा र कपिलेश्वर भएर आउनेलाई सवारीलाई कपिलेश्वरको अस्थायी बसपार्क राख्ने व्यवस्था मिलाइएको नगर प्रमुख साहले बताए ।

यसैगरी, उपमहानगर पालिकाले विवाह पञ्चमी लक्षित विभिन्न स्थानमा एक सयभन्दा बढी अस्थायी शौचालयको व्यवस्था गरिएको छ भने उपमहानगर, जानकी मन्दिर तथा युवा क्वल र सुरक्षा निकायको समन्वय र सहकार्यमा विवाह पञ्चमीलाई व्यवस्थित बनाउने तयारीमा जुटेको बताए ।

जनकपुरधाम उपमहानगर पालिकाले एक सय एनसीसी क्याडर र पाँच सय स्वयम सेवक परिचालन गर्ने छ भने नगर प्रमुख साहले श्रद्धालुहरुका लागि सुत्ने व्यवस्था मिलाउन प्रदेश सर कारसँग पनि आग्रह गरेको बताए ।

उनले भने,“ विवाह पञ्चमी लक्षित जनकपुरधामका मुख्य सडक, गल्ली र मठमन्दिर क्षेत्रलाई सफा र व्यवस्थित बनाउन व्यापक सरसफाइ अभियान सञ्चालन गरि एको छ । जहाँ जानकी मन्दिर र वरपरका सार्वजनिक स्थानमा फोहोर व्यवस्थापनका लागि डस्टबिन राख्ने व्यवस्था समेत गरिएको छ ।”

त्यसैगरि मङ्सिर १६ गते (आइतबार) नगर दर्शन, १७ गते पुष्प वाटिका फुलवारी लिला १८ गते धनुष यज्ञ र बरात आगमनको स्वागत पनि त्यहि दिन हुन्छ ।

१९ गते तिलकोत्सव, २० गते मटकोर महोत्सव, २१ विवाह महोत्सव र २२ गते र ामकलेवा उत्सवको आयोजनापछि साताव्यापी विवाह पञ्चमी महोत्सव सम्पन्न हुनेछ ।

आयोध्यबाट आएका अतिथिहरुलाई २३ गते स-सम्मान बिदा गरेपछि उनीहरु आयोध्या फर्किने छन् ।

# रेलमा अपांगलाई विशेष व्यवस्थाको माग



**टुडे समाचारदाता**

जनकपुरधाम । अपांग समाज जनकपुर धामले नेपाल रेल्वेमा यात्रा गर्ने अपांगता भएका व्यक्तिहरूका लागि छुट्टै विशेष व्यवस्था गर्न माग गरेको छ । जनकपुरधाममा मङ्सिर १८ गते मनाउन लागिएको अन्तर्राष्ट्रिय अपांग दिवसको बारेमा जानकारी दिन शनिबार आयोजना गरिएको पत्रकार सम्मेलनमा अपांग समाज जनकपुरधामका अध्यक्ष शत्रुधनलाल कर्णले नेपाल रेल्वेमा दैनिक यात्रा गर्ने अपांगता भएका व्यक्तिलाई रेलको बोगीमा चढ्न समस्या भएको जानकारी दिए ।

सिट नपाएपछि यात्रा गर्नमा धेरै समस्या हुने गरेको भन्दै केही सिट अपांगता भएकाहरूका लागि सुरक्षित गर्न माग गरे । उनले हिन्दुहरूको आस्थाको केन्द्र रहेको जानकी मन्दिरसहित मधेश प्रदेशको कुनै पनि सरकारी कार्यालय अपांगमैत्री नभएको भन्दै प्रदेश सरकारले नयाँ निर्माण गर्ने पूर्वाधारलाई अपांगमैत्री बनाउनु पर्नेमा जोड दिए ।

नेपाल सरकारको २०७८ सालको जनगणना अनुसार मधेश प्रदेशमा ९१ हजार ७०३ जना अपाङ्गता भएका व्यक्तिहरू रहे पनि प्रदेश सरकारले उनीहरूको लागि कुनै ठोस नीति निर्माण गर्न नसकेको आरोप लगाए ।

अपांग समाज जनकपुरधामका सल्लाहकार किरण पासवानले संसारको कुल जनसंख्याको १५ प्रतिशत व्यक्ति कुनै न कुनै रूपमा अपांगताको अवस्थामा जीवन जिउन बाध्य रहेको बताए ।

अपांग समाज जनकपुरधामका सचिव उपेन्द्र र ाउतले लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत मङ्सिर १९ गते जनकपुरधाममा राष्ट्रिय अपांग पुनर्स्थापना केन्द्रको आयोजन र अपांग समाज जनकपुरधामको समन्वयमा मधेश प्रदेशभर ीका मधेशी अपांग महिलाको सम्मेलन गर्न लागिएको जानकारी गराए ।

# मधेश प्रिमियर लिग चैत ५ मा हुने

**टुडे समाचारदाता**

राजविराज । मधेश प्रिमियर लिगले सिजन ३ को क्रिकेट प्रतियोगिता चैत्र ५ गतेबाट हुने जनाएको छ ।




राजविराजमा शनिबार पत्रकार सम्मेलन आयोजना गर्दै लिगका अध्यक्ष ई. संजिव नार ायण यादवले खेलाडीको र जिष्ट्रेशन शुरु गरिएको जनाएका छन् । उनले यस सिजन ३ प्रतियोगितामा अक्सनबाट खेलाडी छनौट गरिने र प्रत्येक टिममा झापा देखि कंचनपुर सम्मका मधेश क्षेत्रबाट ७ जना खेलाडी तथा नेपाल भरिबाट ४ जना खेलाडी रहने बताए ।

मधेश प्रिमियर लिगमा कूल १० वटा टिमको सहभागिता र हने बताउँदै अध्यक्ष यादवले प्रतियोगिताको ६० प्रतिशत खेल राजविराज स्थिति पविमावि खेल मैदान र राजरंगशाला मैदान हुने तथा बाँकी ४० प्रतिशत खेल विर गंज र जनकपुरमा खेलाइने बताए ।

यस प्रतियोगिताको लागि मधेश प्रदेश सरकार संग समन्वय गरेर मधेश प्रिमियर लिगको नाउँमा राखिएको ५० लाख बजेट ल्याउने प्रयास गरिने अध्यक्ष यादवको भनाइ छ ।

‘मधेश प्रदेश सरकारले मधेश प्रिमियर लिगको नाममा ५० लाख बजेट राखेको छ, त्यो ल्याउन समन्वय गरिनेछ । तर, मधेश ससकारले सो बजेट नदिएपनि सिजन ३ को आयोजना गरिने छ’ यादवले भने ।

सन् २०१५ बाट शुरु भएको मधेश प्रिमियर लिग २०१६ मा सिजन २ भएको ८ बर्षपछि सिजन ३ हुन लागेको छ ।

अनेक बाधा अवरोधका कारण सिजन ३ खेलमा ढिलाई भएको लिगका उपाध्यक्ष तीर्थनार ायण दासले बताए । उनले सबैको सहयोगबाट सिजन ३ सफलता पुर्वक सम्पन्न हुने विश्वास व्यक्त गरे ।

यसका साथै पत्रकार सम्मेलनमा उपाध्यक्ष ई. सुधिर कुमार मंडल, सचिव ई. राहुल देव,सह-सचिव ई भुपेन्द्र कुमार मिश्रा, दिपेश यादव, शंकर दास, संतोश यादवलगायतकाहरुको सहभागिता रहेको थियो ।

# अवैध काठसहित एकजना पक्राउ



**टुडे समाचारदाता**

रौतहट । डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरस्थित सशस्त्र वन सुरक्षा गस्ती टोलीले सालको अवैध काठसहितको पिकअप भ्यान बरामद गरेको छ । वनले भ्यानका चालकलाई समेत पक्राउ गरि अनुसन्धान थालेको छ । पक्राउ परेको भ्यान र चालकलाई वनले शुक्रबार सार्वजनिक गरेको छ ।

धन्सार सव डिभिजन पोष्टका रेन्जर विकाश लामिछानेको नेतृत्वमा गएको गस्ती टोलीले बिहीबार राती महेन्द्र राजमार्ग स्थित धन्सार पुल देखि २ किलोमिटर पूर्व लच्कामा साढे ८५ क्युफिट अवैध सालको काठ लोड भएको ना २ च ९३१९ नम्बरको वोलेरो पिकअप बरामद गरेको छ ।

काठसहित पिकअप चालक जितेन्द्र चौधरी पक्राउ गरिएको डिभिजन वन प्रमुख हेमन्तकुमार साहले जानकारी दिए । उनले भने, ‘काठ कहाँबाट ल्याएको भन्ने सोधपुछ भईरहेको छ, सवार ीधनीबारे अनुसन्धान जारी छ । तस्करको नाईकेहरु पत्ता लगाउने काम भईरहेको छ ।’

# अपांग दिवसको अवसरमा समाजले प्रभातफेरी गर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । अपांग दिवसको अवसरमा अपांग समाज जनकपुरधामले कार्यक्रमको आयोजना गर्ने भएको छ ।



समाज जनकपुरधामका अध्यक्ष धिरेन्द्र लाल कर्णले शनिबार पत्रकार सम्मेलनको आयोजना गर्दै मंसिर १८ गते अन्तराष्ट्रीय अपांग दिवसको अवसरमा जनकपुरधाममा प्रभात फेरी र दिप प्रज्वलनको आयोजना गर्ने जनाएका छन् ।

उनले अपांग दिवसको दिन जनकपुरधामको रेल्वे स्टेशन देखि रयाली प्रदर्शन गर्दै नगर परि क्रमा गर्ने र सोहि दिन साँझमा रेल्वेस्टेशनकै कम्पाउण्डमा दिप प्रज्वलन गर्ने जानकारि दिए ।

अध्यक्ष कर्णले प्रभात फेरी संगै जनकपुरधाम स्थित रेल्वे स्टेशन अपांग मैत्री नरहेकोले अपांग मैत्री बनाउन सरकारलाई दबाब दिने उदेश्यका साथ सांकेतीक रयाली समेत प्रदर्शन गरिने बताए ।

त्यसैगरि मंसिर १९ गते मधेशी महिलाको पिडा सम्वन्धि कार्यक्रम गरिने उनले जानकारि दिए ।

साथै अपांग समाजलाई पहिचानका लागि निर्देशक समिति समेत गठन गरिने भएको छ ।

अपांगता भएको व्यक्तिहरुको अधिकारलाई विश्वव्यापी रुपमा स्थापीत गर्ने प्रयासको क्रममा सन १९८१ लाई संयुक्त राष्ट्रसंघले अन्तराष्ट्रिय अपांगता वर्षको रुपमा घोषणा गरेको थियो । अपांगता भएका व्यक्तिहरुका सवालमा विश्वव्यापी रुपमा काम गर्न १९८३ मा राष्टसंघले अपांगता सम्वन्धी दस वर्षे विश्व कार्ययोजना लागु गरेको थियो । सन १९९२ मा यस दस वर्षे कार्य योजनाको विश्वव्यापी रुपमा भएको कार्यान्वयनको समिक्षा गर्दै ३ डिसेम्वरलाई अपांगता भएका व्यक्तिहरुको अन्तर ाष्टिय दिवसको रुपमा मनाउन थालिएको हो ।

# लुटपाट गरेको आरोपमा पक्राउ

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीमा संगठित रुपमा डकैती तथा लुटपाट गर्ने हतियारधारी समूहलाई प्रहर ीले पक्राउ गरी सार्वजनिक गरेको छ । भारतीय नागरिकले महोत्तरीको गौशालामा डेरामा लिएर पेसेवर रुपमा डकैती तथा लुटपाट गर्ने समूहलाई प्रहरीले पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ ।




महोत्तरी प्रहरीले एक महिलासहित ६ जना लाई पक्राउ गरी सार्वजनिक गरेको छ । फरक फरक स्थानमा एउटै समूहले लुटपाट गरेको आरोपमा ६ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायव उपरीक्षक सन्तुलाल प्रसाद जैसवारले बताए ।

भारत बिहार सितामढी शिवनगर फुलहटा घर भएका महोत्तरीको गौशालामा डेरा लिएर बस्दै आएका ३० वर्षीय डाक्टर भन्ने प्रमोद कुमार साह, सन्जु देवी साह लाई पक्राउ गरि एको छ । उनीहरु श्रीमान श्रीमती रहेको प्रहरीले जनाएको छ ।

लुटपाटमा संलग्न सीतामढीस्थित जानकीनगरका ५२ वर्षीय रन्धिर साह, सितमढी विष्णुपुर बस्ने सुधिर भण्डारी, महोत्तरी गौशाला-९ स्थित बिसहरपुरका २८ वर्षीय ललन साह, गौशाला-६ फुलकाहाका २६ वर्षीय राकेश कुमार यादवलाई पक्राउ गरीएको प्रहरी नायव उपर ीक्षक जैसवारले बताए ।

पक्राउ परेका आरोपितहरुसँगै लुटपाट गर्ने ४ जना भार तमा पक्राउ परेको जैसवारले बताए । लुटेरा समूहले महोत्तर ीको औरही, गौशालाको निगौल, बटौवा, इमली बजार, रजखोर मा हातहतियार देखाएर लुटपाट गरेका थिए ।

लुटपाटमा संलग्न ६ जनलाई पक्राउ गरी प्रहरीले हातहतियार तथा खरखजनाना, चोरी/डाका (लुटपाट) र संगठित अपराध मुद्दा दर्ता गरी अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक जैसवारले बताए । महोत्तरी प्रहरीले लुटेर ाहरुबाट विभिन्न स्थानबाट लुटपाट भएको मोबाइल, गहना लगायतका समानहरू समेत बर ामद गरेको छ ।

सुरक्षित अन्न भण्डारण गरौं

- भण्डारण गर्नुभन्दा पहिला अनाजलाई राम्ररी सुकाऔं,
- अन्नलाई सफा, सुख्खा, कम आद्रता भएको ठाउँमा राखौं,
- भकारी वा अन्न राखेको भाडोलाई भुईमा नराखौं, काठ वा फ्ल्याकमाथि राखौं,
- स्टिल वा टिनका भाडाँमा अन्न ओसिन नदिन भित्रबाट पेन्ट गरेर मात्र राखौं,
- भण्डारण गर्ने कोठमा हावाको राम्रो बन्दोबस्त मिलाऔं,
- अन्न भण्डारको समय-समयमा निगरानी गरौं,
- अन्न भण्डारमा लाग्ने घुन, किराहरुको ब्यवस्थापनका लागि रसायनिक विषादीको साटो स्थानीयस्तरमा उपलब्ध हुने जैविक प्रविधिको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८